# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ७ पूर्णाङ्क १५२ | २०७६ भदौ ९ गते सोमबार | Monday, 26 Aug., 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## सल्लाहकार शर्माको स्वास्थ्य स्थिति बुझ्न महासचिव किरण पुगे भेरी अस्पताल



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले नेपालगञ्ज स्थित भेरी अस्पताल पुगेर पार्टीका केन्द्रीय सल्लाहकार सदस्य राममणि शर्माको स्वास्थ्य स्थिति बुझ्केका छन् । दम र निमोनियाबाट पीडित ७२ वर्षीय सल्लाहकार शर्मा भेरी अस्पतालमा केही दिनदेखि ...बाँकी ७ पेजमा

# 'संयुक्त वर्गीय आन्दोलन आवश्यक'

● धनञ्जय अवस्थी

धनगढी । नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन बैद्य 'किरण'ले थारु समुदायको पहिचान गम्भीर संकटमा परेको बताएका छन् । सुदूरपश्चिम प्रदेश र मधेशवादी पक्षधरबीचको चेपुवामा पर्दा थारुहरूको पहिचान नै गम्भीर संकटमा परेको उनको ठहर छ । 'यतातिर सुदूरपश्चिम प्रदेश भएको छ' उनले भने । 'अर्कोतिर मधेश एक हुनुपर्छ भन्ने माग पनि छ । यसले थारुको माग र पहिचान नै दुईतिहाइबाट चेपुवामा परेको छ ।' टीकापुरको थारुहरूको राष्ट्रिय सम्मेलनलाई पनि सम्बोधन गर्दै महासचिव किरणले थारु समुदाय दुईतिरबाट चेपुवामा परेको महशुस भएको बताएका थिए ।

उनले अब उत्पीडित वर्गको पहिचान जोगाउनका लागि संयुक्त वर्गीय आन्दोलनको आवश्यकता परेको औंल्याए । 'उत्पीडित जाति दलित, वर्ग, समुदायलगायत अब एक हुनुपर्छ,' महासचिव किरणले भने, 'संयुक्त आन्दोलनले मात्रै आफ्नो अधिकार प्राप्त गर्न सहज हुन्छ ।'

कैलाली, कञ्चनपुर, बान्के, वर्दिया लगायत जिल्लालाई जोडेर थारुवान स्वायत्त प्रदेश नै बनाउनुपर्ने विचार व्यक्त गर्दै महासचिव किरणले थारुलाई स्वायत्त प्रदेश दिए मात्रै थारुको अधिकार पाउने र पहिचान जोगिने बताए ।

क्रान्तिकारी पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिले आयोजना गरेको पत्रकार भेटघाटमा पत्रकारहरूले सोधेको प्रश्नको जवाफ दिँदै महासचिव किरणले वर्गीय आन्दोलनसँग नजोडिएको जातीय आन्दोलनले गन्तव्य हासिल गर्न नसक्ने भन्दै जातीय मुक्ति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोडेर लैजानु पर्ने बताए ।

फरक प्रशंगमा महासचिव किरणले विप्लवको राजनीति बाटो गलत भएको बताए । 'वेला वेलामा प्रेस वक्तव्यहरू आइरहन्छन्' आइतबार धनगढीमा पत्रकार भेटघाट कार्यक्रममा उनले भने, 'सेना, प्रहरीसँग आफ्नो कुनै दुश्मनी छैन भन्ने तर, राज्यको सम्पतिमा आगो लगाउँदै गएर ...बाँकी ७ पेजमा




## देजमो ५ नं. प्रदेशको बैठक सम्पन्न



दाङ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ५ नं. प्रदेशको बैठक दाङमा आइतबार सम्पन्न भएको छ । मोर्चाका प्रदेश अध्यक्ष केवी गुरुको अध्यक्षता र सचिव हिरामणि दुःखीको सञ्चालनमा सम्पन्न बैठकले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई केन्द्रित र विकेन्द्रित रूपमा उठान गर्ने, यिनै विषयलाई लिएर जनसंघर्ष, वर्गसंघर्ष तथा प्रतिरोध संघर्ष उठानका निम्ति आधार तयार पार्ने लगायतका निर्णयहरू गरेको छ । किसानका समस्याहरू पहिचान गरी आन्दोलनको उठान गर्ने पनि मोर्चाले निर्णय गरेको छ ।

यसैबीच, शनिबार क्रान्तिकारी माओवादी दाङ जिल्लाको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । पार्टी केस तथा जिल्ला इन्चार्ज चिन्तनराज, सागर र शिशिर लगायतले प्रशिक्षण दिएका थिए ।

# थारुहरूको राष्ट्रिय सम्मेलनमा महासचिव किरणको सम्बोधन



● नारायण चौधरी

टिकापुर । स्वायत्त प्रदेशको मूल नाराका साथ थारुहरूको तीन दिने राष्ट्रिय सम्मेलन कैलालीको टिकापुरमा सुरु भएको छ । देशभरका थारु अगुवाहरू टिकापुरमा भेला भएका छन् । थारुवन स्वायत्त प्रदेशको माग राखेर आन्दोलन गर्ने क्रममा भएको टीकापुर घटनाको सम्झनामा देशभरिका थारु अगुवाहरू टिकापुरमा जम्मा भएका हुन् ।

टीकापुरका थारु तथा पहाडी समुदायबीचको तुस मेटी सदभाव कायम गर्ने समेत उद्देश्य सम्मेलनको रहेको आयोजकहरूले बताएका छन् । टीकापुर बजारस्थित सिटी हलमा सुरु भएको सम्मेलनको उदघाटन कार्यक्रममा हजारौं थारु समुदायको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण', संघीय समाजवादी पार्टीका संयोजक डा. बाबुराम भट्टराई, अखिल नेपाल जनजाति महासंघका अध्यक्ष डा. ओम गुरुङ, राजपाका अध्यक्ष लक्ष्मणलाल कर्ण, लेखक खगेन्द्र संग्रौला, युग पाठक, पत्रकार किशोर नेपाल, राजपाका राजकुमार लेखी, नेता कुमार लिङ्देन, अधिवक्ता शंकर लिम्बु , गोविन्द छन्त्याल, कांग्रेसका सुरेन्द्र चौधरी लगायतका नेताहरूले सम्मेलन सफलताको शुभकामना दिनुको साथै थारु स्वायत्त प्रदेशको मागप्रति ऐक्यबद्धता जाहेर गर्दै टीकापुर घटनामा जेल सजाय काटिरहेका रेशम चौधरीको रिहाईको माग गरेका थिए ।

कार्यक्रममा कुनै पनि नेतालाई प्रमुख अतिथि बनाइएको थिएन । कार्यक्रममा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले थारुहरूको स्वायत्त प्रदेशको मागप्रति आफ्नो पार्टीको दृढ समर्थन रहेको बताउँदै त्यसका लागि थारु समुदाय एकढिक्का भएर अन्य उत्पीडित जाति र वर्गसँग समेत हातेमालो गर्दै संघर्षको प्रक्रियाबाट अगाडि बढ्नुपर्ने विचार व्यक्त गरेका थिए । महासचिव किरणले थारु समुदायले राजनीतिक अधिकारका लागि गरेको आन्दोलनको क्रममा टीकापुर घटना हुन पुगेको भन्दै यस घटनामा जेल सजाय भोगिरहेका रेशम चौधरीलाई राजनीतिक सहमतिको आधारमा अविलम्ब रिहाई गर्नुपर्ने माग समेत गरेका थिए । डा. बाबुराम भट्टराईले थरुहट अधिकारका लागि थारुको एकता अनिवार्य रहेको बताए ।

कार्यक्रममा राष्ट्रिय जनता पार्टीका उपाध्यक्ष लक्ष्मणलाल कर्ण, काँग्रेसका सुरेन्द्र चौधरी, पत्रकार किशोर नेपाल, लेखक खगेन्द्र संग्रौला लगायतले थारू समुदायको मुद्दा सम्बोधन गर्न राज्यको नेतृत्वमा बसेकाहरू तयार हुनुपर्नेमा जोड दिएका छन् ।

टीकापुरस्थित सिटी हलमा सुरु भएको सम्मेलनका लागि टीकापुर र आसपासको सुरक्षा व्यवस्था कडा पारिएको छ । सुरक्षाका लागि नेपाल प्रहरीका प्रहरी उपरीक्षक र सशस्त्र प्रहरीका प्रहरी उपरीक्षकको कमाण्डमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ ।

२०७२ साल भदौ ७ गते नेपाल प्रहरीका एसएसपी र एकजना नाबालकसहित ८ जनाको ज्यान जाने गरी टीकापुरमा भएको घटनाको ४ वर्षपछि थरुहट/थारूवान संघर्ष समितिले राष्ट्रिय सम्मेलन गर्न थालेको छ ।

२५ जिल्लाबाट करिब ५ हजार सहभागी उपस्थित रहेको सम्मेलन आयोजना गरिएको बताइएको छ । सम्मेलनका लागि जिल्ला प्रशासन कार्यालय कैलालीले एक साता अगाडीदेखि नै टीकापुर तथा आसपासका क्षेत्रमा सुरक्षामा कडाई गर्दै आइरहेको थियो । लम्की बजारदेखि नै प्रहरीले सुरक्षा व्यवस्थामा कडाइ गरेको छ । जसका लागि ठाउँठाउँमा चेक जाँचका साथै सादा पोशाकमा प्रहरीहरू समेत खटिइएको छ ।

सम्मेलनको कार्यतालिका अनुसार भदौ ७ गते अर्थात् शनिबार उद्धाटन कार्यक्रम सम्पन्न भएको छ भने भदौ ८ गते बन्दसत्र चल्नेछ भने ९ गते टीकापुर घोषणापत्र जारी गर्दै कार्यक्रम सम्पन्न हुने आयोजकले जनाएको छ ।

## काठमाडौं मार्च अभियान : जोरपाटी र बसुन्धरामा सन्देशसभा सम्पन्न

● बद्रीहरि नेपाल

काठमाडौं । २९ साउनमा उद्घाटन गरिएको नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंको 'काठमाडौं मार्च अभियान' अन्तर्गत शुक्रबार काठमाडौंको बसुन्धरा चोकमा सन्देश सभा सम्पन्न गरिएको छ । सन्देश सभालाई नेकपा (क्रान्तिकारी माओवादी)मा स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले सम्बोधन गरेका थिए ।

सभाको प्रमुख अतिथिको आशनबाट बोल्दै अध्यक्ष गजुरेलले राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरू विकराल बन्दै गएको र वर्तमान सरकारले यी समस्याको समाधान गर्न नसक्ने हुँदा मुलुकमा अर्को क्रान्ति अपरिहार्य बनेको विश्लेषण गरे । 'अब नेपालमा अर्को क्रान्ति अति जरुरी भइसकेको छ' अध्यक्ष गजुरेलले भने, 'अब हुने क्रान्तिको नेतृत्व गर्न क्रान्तिकारी माओवादी तयार छ ।'

ग्राण्डी अस्पतालबाट ऱ्यालीसहित निस्किएको क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूको जुलुस बसुन्धरा चोकमा आएर सन्देश सभामा परिणत भएको थियो । पार्टीको उत्तरी संयुक्त नगर कमिटिको सेक्रेटरी ज्ञानेन्द्र प्रजापतिले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता उक्त कमिटिका इन्चार्ज पदम भण्डारीले गरेका थिए भने स्वागत मन्तव्य गोपाल कार्कीले राखेका थिए । सभामा जारी काठमाडौं मार्च अभियानको बारेमा पार्टीकी केस तथा काठमाडौं जिल्ला सचिव सरुले चर्चा गरेकी थिइन । सभामा पार्टी केस हस्तबहादुर केसी, देजको काठमाडौं जिल्ला अध्यक्ष खगेन्द्र छन्त्याल, अखिल (क्रान्तिकारी) की उपाध्यक्ष शिलु न्यौपानेलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।




यसअघि अभियान अन्तर्गत काठमाडौंको जोरपाटीमा अघिल्लो आइतबार सन्देश सभा सम्पन्न गरिएको थियो । अभियानको क्रममा पार्टीको सदस्यता नवीकरण गर्ने, पुराना निष्क्रिय सदस्यहरूलाई भेट्ने, सहिद परिवारसँग भेटघाट तथा अन्तर्क्रिया गर्ने काम गरिएको छ । अभियानको आठौं दिन तारकेश्वर नपा-७ स्थित सहिद बाबुकाजी ढुंगाना र चेतबहादुर ढुंगानाका परिवारसँग भेटघाट गरिएको छ । पार्टीका पिविएम तथा काठमाडौं इन्चार्ज सुरेश श्रेष्ठको नेतृत्वमा रहेको अभियान टोलीले सहिद परिवारसँग अन्तर्क्रिया गरेको हो । भेटघाटको क्रममा सहिद परिवारहरूले नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न पार्टीका नेताहरूलाई सुभेच्छा जाहेर गरिएको बताइएको छ ।

# विषादीयुक्त तरकारीले जनस्वास्थ्यमा पारेको असरबारे अन्तर्क्रिया

नेपालगञ्ज । नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आयोजनामा बुटवल र नेपालगञ्जमा विषादीयुक्त तरकारीले जनताको स्वास्थ्यमा पार्ने असरबारे अन्तर्क्रिया कार्यक्रम ...बाँकी ७ पेजमा



# हिन्द-प्रशान्त रणनीति र नेपालको सहभागिताको प्रश्न

**अमेरिकाद्वारा प्रायोजित हिन्द-प्रशान्त रणनीति विशेषतः चीनलाई अघि बढ्न नदिन, त्यसलाई सीमा भित्र राख्न र त्यसलाई घेराहाल्नका निमित्त तयार गरिएको रणनीति हो । यो राजनीतिक र सामरिक रणनीति हो । यसमा सामेल हुनु भनेको अमेरिकी ब्लकमा सामेल हुनु हो । नेपालका लागि यसमा सामेल हुनुको अर्थ विगतमा नेपालले अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीति परित्याग गर्नु हो । नेपाल जस्तो देशका लागि यो एउटा घातक नीति हो**



● सी पी गजुरेल ●

हिन्द प्रशान्त रणनीति (Indo Pacific Strategy) अमेरिकी प्रशासनले दीर्घकालिन लक्षलाई समेत ध्यान दिएर व्यवस्थित रूपमा तयार पारेको राजनीतिक र सामरिक रणनीति हो । तर नेपालमा भने यस रणनीतिका विषयमा धेरै कम चर्चा हुने गरेको छ । नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको सन् २०१८ डिसेम्बरमा भएको अमेरिकाको औपचारिक भ्रमणका दौरानमा यो रणनीतिमा नेपाल सामेल भएको चर्चा चलेपछि केही मात्रामा नेपालमा यसबारे चर्चा चल्न थालेको हो । विषयको गम्भीरतामाथि ध्यानदिँदा यस विषयमा नेपालमा यसबारे व्यापकरूपमा बहस नै हुनुपर्ने हो । तर, अझै त्यस्तो हुन सकिरहेको छैन । यहि उद्देश्यलाई ध्यानमा राखेर यो सानो लेख तयार गरिएको छ ।

यति ठूलो अन्यौल किन ?

नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली अमेरिकाको भ्रमणमा जाने बेलातिर नेपालमा निकै ठूलो हल्ला खल्ला भयो । यो भ्रमणबारे सरकार पक्षबाट के प्रचार गरियो भने ट्रम्प प्रशासनले निकै ठुलो महत्व दिएर नेपालका परराष्ट्रमन्त्रीलाई अमेरिका बोलायो र यो कुरा नेपालले गर्व गर्नु पर्ने विषय हो । यो घटनालाई ओली नेतृत्वको (डबल) नेकपाको सरकारको अन्तर्राष्ट्रिय रूपमा ठूलो सफलताका रूपमा अर्थ्याइयो । बाँकी ७ पेजमा

## सम्पादकीय

# थारु विद्रोहको सम्मान गर

'सामाजिक सद्भाव तथा थरुहट एकताका लागि टीकापुर राष्ट्रिय सम्मेलन, संविधान संशोधनसहित थरुहट स्वायत्त प्रदेशका लागि हाम्रो आन्दोलन' भन्ने मूल नाराका साथ राष्ट्रिय सम्मेलन सम्पन्न गर्दैछन् । थरुहट स्वायत्त प्रदेशको माग राखेर गरिएको आन्दोलनको क्रममा २०७२ भदौं ७ गते आन्दोलनकारी र प्रहरी प्रशासनबीच झडप हुँदा नेपाल प्रहरीको एसएसपी र एकजना नाबालकसहित ८ जनाको ज्यान गएको थियो । यस घटनालाई राज्य पक्षले 'टिकापुर हत्याकाण्ड'को रूपमा चित्रण गर्दै आएको छ भने आम थारु समुदायले यस घटनालाई 'थारु विद्रोह'को संज्ञा दिंदै आएका छन् । यसै घटनाको दोषी भन्दै जनताले भोट दिएर निर्वाचित गरेका सांसद रेशम चौधरी आजीवन काराबासको सजाय काटिरहेका छन् । क्रान्तिकारी माओवादी लगायत केही राजनीतिक पार्टीहरूले टिकापुर घटनालाई राजनीतिक रूपमा हेरिनु पर्ने र सांसद रेशम चौधरीलाई पनि ससम्मान रिहाई गरिनुपर्ने आवाज उठाउँदै आएका छन् । र, शनिबार भएको थारुहरूको राष्ट्रिय सम्मेलनको उद्घाटनको क्रममा पनि क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण' लगायतका नेताहरू तथा लेखकहरूले टिकापुर घटनालाई राजनीतिक आन्दोलन तथा विद्रोहको रूपमा हेरिनु पर्ने आवाज उठाएका थिए र रेशम चौधरीको रिहाईको माग समेत गरेका थिए । सम्मेलन आयोजक संगठनका नेताहरूले पनि सामाजिक सद्भाव कायम राख्न र थारुहरूको राजनीतिक अधिकार प्राप्तिको माग राखेर सम्मेलनको आयोजना गरेको बताएका छन् ।

थारुहरूले स्वायत्त प्रदेशको माग राखेर आन्दोलन अगाडि बढाउने उद्घोष गर्दै गर्दा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले थारु पहिचान गम्भीर संकटमा परेको विषय निकै जोड दिएर उठाएका छन् । एकातिर मधेशवादी राजनीति र अर्कोतिर सुदूरपश्चिम प्रदेशभित्र थारु पहिचान हराएको भन्दै थारु समुदायले आफ्नो पहिचान सहितको स्वायत्त संघीय प्रदेशका लागि आन्दोलनको मार्ग रोज्नुपर्ने बताएका छन् । र, साथै उनले संयुक्त वर्गीय आन्दोलनको आवश्यकताको विषय पनि उठान गरेका छन् । थारु समुदाय एक्लै लडेर मात्र आफ्नो राजनीतिक अधिकार हासिल गर्न सम्भव नहुने भएकोले अन्य उत्पीडित जाति तथा वर्गसँगै हातेमालो गर्दै संघर्षको प्रक्रियालाई अगाडि बढाउनु पर्ने विचार थारु समुदायको लागि मात्र नभएर सबै उत्पीडित जाति तथा वर्गहरूका लागि सही छ ।

नेपालमा अहिले जुन संघीयताको अभ्यास भइरहेको छ, त्यो नाम मात्रको संघीयता हो । यो संघीयताभित्र राजनीतिक अधिकार अन्तरनिहित छैन । रूपमा संघीयता भने पनि अहिलेको प्रदेशको अभ्यास सारतः एकात्मक र केन्द्रीकृत राज्यव्यवस्थाकै आभाष हुने गरी भइरहेको छ । यसर्थ, उत्पीडित जातीय पहिचानसहितको संघीयताका लागि सबै उत्पीडित जाति र वर्गहरू मिलेर अर्को आन्दोलन अर्थात् विद्रोहको तयारी गर्न आवश्यक भइसकेको छ । वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक समस्याहरूको समग्र समाधानका निमित्त साँच्चै अब मुलुकमा संयुक्त वर्गीय आन्दोलनको खाँचो छ । यस दिशातर्फ थारु समुदायको जारी राष्ट्रिय सम्मेलनको ध्यान केन्द्रित हुन जरुरी छ । र, सोही मुताविक आगामी रणनीति र कार्यनीति, योजना तथा कार्यक्रमहरू तय गरिन जरुरी छ । यस अर्थमा, टीकापुर घटना एउटा ऐतिहासिक थारु विद्रोह थियो र त्यो विद्रोहले दिशाबोध गरेको र परिकल्पना गरेको थरुहट स्वायत्त प्रदेशको कार्यभार पनि उल्लेखित दृष्टिकोणका आधारमा नै डोऱ्याउन र सोझ्याउन आवश्यक छ ।

आफ्नो पहिचानसहितको स्वायत्त प्रदेश प्राप्तिका लागि थारुहरूको आगामी आन्दोलनका लागि हार्दिक शुभकामना । राज्यले थारु विद्रोहलाई दमन होइन सम्मान गर्नुपर्छ । अधिकारका लागि विद्रोह गर्नु जनताको अधिकार हो ।


## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

सम्पर्क नाम र फोन नम्बर
व्यवस्थापकः हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादकः इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com



परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com


# "विषादीयुक्त तरकारी तथा फलफूल आयात र त्यसले पारेको असर"



● के. बी. गुरुङ ●

*(देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ५ नं. प्रदेशको संयोजन र रूपन्देही जिल्ला समितिद्वारा मितिः २०७६ भदौ ५ गते बुटवलमा आयोजित "विषादीयुक्त तरकारी तथा फलफूल आयात र त्यसले पारेको असर" विषयक अन्तरक्रिया कार्यक्रममा देजमो, नेपालका केन्द्रीय उपाध्यक्ष तथा प्रदेश नं. ५ का अध्यक्ष के. बी. गुरुङद्वारा प्रस्तुत आधारपत्र)*

**प्रारम्भः**

देश हाम्रो कृषि प्रधान । विडम्वना ! खाद्यवस्तु, तरकारी, फलफूललगायत अर्बौंको कृषिजन्य वुस्तु आयत भइरहको अवस्था छ । र, कृषिजन्य वस्तुमा परनिर्भरता दिन प्रतिदिन बढ्दै गएको छ । साठीको दशकसम्म नेपाल खाद्यान्न निर्यात गर्ने राष्ट्र आज आयतमुखी बनेको छ । यसरी "नाउ सुब्बेनी, के खायर उब्बेनी" भने झै देश कृषिप्रधान । तर खुर्सानीसमेत भारतबाट ल्याएर खानु पर्ने, त्यो पनि विष मिसाएको ।

नेपालको प्रायः सबै ठाउँमा अनेकौं प्रकारका फलफूल र तरकारी उत्पादन संभव छ । तर आज अरबौं तरकारी र फलफूल आयात भैरहेको छ, त्यो पनि विषादीयुक्त । यसका कार्य र कारण के के हुन् ? यसले के के असर पारेको छ ? यसको समाधानको दायित्व र कर्तव्य कस्को हो ? यस्ता धेरै प्रश्नहरू छन् । तर आजको यो विषादीयुक्त तरकारी तथा फलफूल आयात र त्यसले पारेको असर विषयक अन्तरक्रिया कार्यक्रममा छलफलको सहजताको निम्ति तयार पारिएको आधारपत्रमा उपर्युक्त विषयहरूको विश्लेषण र संश्लेषण सम्भव छैन । तथापि विषयवस्तुको सारसंक्षेप उठान गरिने छ । र, विषादीयुक्त तरकारी र फलफूलले पारेका नकारात्मक असरबारे चर्चा र त्यसको नियन्त्रण र नियमनका सम्बन्धमा जोड दिइनेछ ।



१. आज नेपालको ठूलो जनसंख्याले विषादीयुक्त तरकारी र फलफूल खाईरहेका छौं, त्यो पनि आयात गरेर । विशेषतः भारतबाट आयात भैरहको फलफूल र तरकारीमा विषादीको मात्रा उच्च रहेको भन्नेछ । तर विना क्वारेण्टाइन आयात भैरहेको छ । फलफूल तथा तरकारी उत्पादक किसान र उपभोक्ताहरूले वर्षौंदेखि क्वारेन्टाइन नियमन हुनुपर्ने माग गर्दै आए पनि त्यो ब्यवस्थित हुन सकिरहेको छैन । नेपाल सरकारले केही समय पहिले विदेशबाट आयात हुने तरकारी र फलफूल भारत र चीनको नाकामा नै विषादी परीक्षण गरेर मात्र स्वदेश भित्राउने निर्णय गरेको थियो । त्यसलाई सबैले सकरात्मक रूपमा लिएका थिए । तर आफ्नै निर्णयमा सरकार तीन साता पनि टिक्न सकेन । र, विषादीयुक्त तरकारी र फलफूल आयात हुने सिलसिलाले निरन्तरता पाइरहेको छ । आयातित तरकारी र फलफूलमा मात्र होइन स्वदेशी उत्पादनमा पनि विषादीको अनुगमन, निरीक्षण र नियमन हुन सकेको छैन । यसरी नेपालीहरू विषादीयुक्त तरकारी र फलफूल खान विवश भइरहेका छौं ।

२. विषादीको पहिलो असर त मानव स्वास्थ्यमा पर्ने स्वतः स्पष्ट नै छ । विषादीको असर तात्कालिन र दीर्घकालिन तथा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा मानव स्वास्थ्यमा परिरहेको छ । आजको विज्ञानले समेत सही समाधान पत्ता लगाउन नसकेको क्यान्सर र हेपटाइटिस बी जस्ता प्राण घातक रोगका विरामी बढ्दै गएका छन् । मृगौला, मुटु, कलेजो, फोक्सोका रोगीहरूको संख्यामा दिन प्रतिदिन वृद्धि भैरहेको छ । मधुमेह र उच्च रक्तचाप जस्ता रोगहरूको त महामारी नै बनेको छ । यसका कारणहरूमध्ये मूलतः विषादी प्रयोग र अखाद्य वस्तुको मिसावट भएको खाद्यवस्तु उपभोग नै हो । त्यसको परिणामतः नेपाली जनताको स्वास्थ्य स्थिति बिग्रदै गएको छ । यदि यही सिलसिला दश पन्ध्र वर्ष जारी रहे नेपालीहरूको स्वास्थ्य अवस्था कस्तो होला गम्भीर प्रश्न उठेको छ । आज खाद्य सम्प्रभूता र सुरक्षाको प्रश्न विश्वव्यापी उठे पनि हामी नेपाली त्यसबाट बेखबर छौं । राज्य र सरकार जनताको खाद्य सम्प्रभूता र सुरक्षाको अधिकार सुनिश्चित गर्ने दायित्वबाट अनुत्तरदायी बनेको छ ।

स्वास्थ्य मौलिक हकको विषय भनिए पनि सरकार त्यो दायित्वबाट विमुख भएको छ । जनस्वास्थ्यसम्बन्धी राज्य तथा सरकारको अनुत्तरदायी व्यवहार र जनताको स्वास्थ्य चेतनाको कमीका कारण स्वास्थ्यमा गम्भीर असर गर्ने विषादीयुक्त तरकारी र फलफूल सेवन गरिरहेका छौं । र, सरकारलाई दबाब पुग्ने गरी आवाज र आन्दोलन उठाउन र जनस्वाथ्य सचेतना जागरण अभियान पनि सञ्चालन गर्न सकिरहेका छैनौ ।

विषादीले स्वास्थ्यमा पार्ने असर बहुआयामिक हुन्छ । स्वास्थ्य बिग्रेपछि मानिसको जीवन र समाजमा अनेकौ नकरात्मक असर देखा पर्दछन् । प्रसिद्ध भनाइ छः "स्वास्थ्य नै धन हो" । स्वास्थ्य ठिक भए मानिसले सबै समस्याको सामना गर्न सक्दछ भने स्वास्थ्य खराब भए मानिसका निम्ति सबै कुरा प्रतिकुल बन्दछ । आज नेपाल राष्ट्रको समृद्धि र सम्पन्नताको लागि प्रथमतः नेपाली जनता स्वास्थ्य हुनु अनिवार्य छ । तर आज जनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय विषादीयुक्त तरकारी र फलफूल आयात र स्वदेशमा उत्पादित कृषिजन्य वस्तुको अनुगमन र नियमन हुन नसक्नु राज्य र सरकारको गम्भीर गैरजिम्मेवारी र जनस्वास्थ्यप्रति खेलवाड हो । त्यसैगरी स्वयं जनताको पनि आफ्नो स्वास्थ्यप्रतिको अनभिज्ञता र उदासिनता हो ।

३. अनियन्त्रित र अनियमन रूपमा विषादीयुक्त तरकारी र फलफूलको आयातले नेपाली किसानहरूको कृषि उत्पादनमा प्रत्यक्ष नकरात्मक असर गरिरहेको छ । नेपालमा कृषिजन्य वस्तु प्रायः भारत र चीनबाट आयात हुने गरेको छ । नेपालको तुलनामा भारत र चीनको कृषि प्रविधि उच्च छ र राज्य र सरकार पनि किसानमैत्री छन् । जसले गर्दा नेपाली किसानको उत्पादनभन्दा सस्तो र राम्रो पनि हुनु स्वाभाविकै हुन्छ । यदि यसरी नै अनियन्त्रित र अनियमनरूपमा विदेशबाट कृषिजन्य वस्तु आयात भइरहे खुम्चदै गएको नेपाली कृषि उत्पादन धारासायी हुन धेरै समय लाग्दैन ।

यसमा किसानप्रतिको सम्मानभन्दा हेलाँको ब्यवहार गर्ने, स्वदेशी उत्पादनको प्रयोग गर्ने स्वाधीन र स्वाभिमानी चेत र ब्यवहारमा आएको ह्रास, नेपाली उपभोक्ताको सस्तो र उधारो पाए "एक माना चुक पनि खाने" प्रवृत्ति पनि काफी हदसम्म जिम्मवार छ ।

४.नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिएको कृषि उत्पादन दिन प्रतिदिन ओह्रालो लागिरहेको छ । कृषिकर्ममा युवाहरूको आकर्षण छैन । राज्यको कृषि नीति र कार्यक्रम सतही, देखावटी र अवस्तुवादी छ । कार्यन्वयनको पाटो पक्षपाती, भ्रष्ट र टपर्टुइयाँ प्रकारको छ । त्यसको परिणामतः लाखौं युवाहरू विदेश पलायन भएका छन् र त्यो क्रम जारी छ । जब राष्ट्रिय अर्थतन्त्रको आधार कृषिसम्बन्धी नीति कार्यक्रम र कार्यन्वयनको पक्ष ठीक छैन । त्यसप्रति राज्य र सकारले दायित्व लिदैन र जनता जागरुक हुदैनन् र युवा जनशक्ति विदेश पलायन रोकिदैन भने राष्ट्र हरिकंगाल भएर टाट पल्टिन धेरै समय पर्खनु पर्दैन । त्यसैले विषादीयुक्त तरकारी र फलफूल लगायत कृषिजन्य. वस्तुको अनियन्त्रित प्रकारले आयात गर्ने विद्यमान सरकारको नीति कार्यक्रमले राष्ट्रिय अर्थतन्त्रको मेरुडण्ड मै *...बाँकी ७ पेजमा*

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# समृद्धिको चमत्कार

उखाने सरखारका मुखिया उर्फ हाम्रा पर्धानमन्तरीले सरखार बनाएपछि एउटा कुरा घोषणा गरे-'समृद्ध नेपाल सुखी नेपाली' । सरखारमा बस्दै जाँदा उनले समृद्ध नेपाल बनाउने थुप्रै थुप्रै योजनाहरू घोषणा गर्दै गए । देशमा पानी जाज कुदाउने, रेल गुडाउने, एरपोट बनाउनै नपर्ने रे हाइवेमा जाँज ओराल्ने, घरघरमा पाइपबाट ग्यास भान्सामै पुऱ्याउने, हावाबाट विजुली निकालेर देशै झिलिमिलि पार्ने आदि इत्यादि चमत्कारी योजना निकाले । पूर्व माकेका सुप्रिमो पच्छिम एमालेमा छिरेर दुईनम्बरी अदक्ष भएपछि आफ्नो चमत्कार एक नम्बरी अदक्ष मिस्टर उखानप्रसाद अर्थात् पर्धानमन्तरीलाई पनि सारिदिए । चमत्कार, छलाङ, महाविपत्ती, महान् धक्का, क्रमभङ्ग आदि कुरा त हालका दुइनम्बरी अदक्षले जनयुद्ध लड्दा आविष्कार गरेका हुन् । यी त उनका दर्शन् पो हुन् त गाँठे । पाटी एकता गर्दा यो कुरो एकनम्बरी अदक्षलाई पनि सहमत गराएचन् । त्यै भएर ऐले हाम्रा पर्धान मन्तरीले पनि छलाङ हान्दै चमत्कार देखाउँदै सरखार चलाएका छन् ।

पर्धानमन्तरीले समृद्धिको आर्को चमत्कार यसपाला देखाउने भएचन् । उनी यतिखेर आफूलाई बिमारले च्यापेर ओक्तोमुलो गर्न सिङ्गापुर गएका छन् । सिङ्गापुरमा धेरै दिन बस्न पर्नि भएछ । अव सरखारका बैठक पनि उतैबाट चलाउने रे । भिडियो मार्फत् सरखारको बैठक बसेर सरखार चलाउने रे । ऐलेसम्म हामी नेपालीका देउता चन्द्रमामा मनुखेनै पठाएका अम्रिका, रुस जस्ता देशका सरखारले पनि गर्न नसकेको काम हाम्रा पर्धानमन्तरीले गर्ने भएका छन् । बेलाइत, चाइना, जापान, जर्मन, फरान्स, हिन्दूस्तान, पाकिस्तान जस्ता भव्य भव्य विकास गरेका मुलुकले पनि यस्तो बैठक गरेको यो कैलुले था' पा'को छैन । सबै भन्दा पैला हाम्रा पर्धानमन्तरीले आर्केको देशाँ बसेर त्यो पनि अस्पतालको ओछ्यानैमा सुतेरै आफ्नो देशको सरखार चलाउने रे । यो हो समृद्धिको चमत्कार । छलाङ, महाविपत्ती, गम्भीर धक्का, चमत्कार जस्ता दर्शन त दुइनम्बरी अदक्षले हिज जनयुद्ध चलाउँदा आविष्कार गरेका हुन् । ऐले पाटी एउटै भएपछि दुइनम्बरीले आविष्कार गरेका कुरा एकनम्बरीले पनि लागू गरेपछि त दुइनम्बरी अदक्षको विचार पनि हावि भैहाल्यो । त्यै भएर दुइनम्बरीले आफ्ना गुँडतिरका कार्यकर्तालाई पर्शिक्षन दिंदा हामीले सूर्यछापलाई निल्नकै लागि एकता गरेको भन्दा रैचन । जे होस समृद्धिको चमत्कार चमत्कारै भएको छ ।

हाम्रा पर्धानमन्तरीले समृद्धिको नयाँ ढोका खोले । अब उप्रान्त सरखार चलाउन देशमै बस्नु पर्ने, बैठक बस्न मन्तरीको कार्यकक्षमै बस्नु पर्ने आवश्यकता छैन । सन्सारको जुनकुनै देशाँ गएर पनि उतैबाट बैठक बस्न सकिने र सरखार चलाउन सकिने भयो । यो हो देश समृद्ध बनाउने खास्साको जुक्ति । एक्काइशौं शताव्दीसम्म आइपुग्दा अरूले हाम्रा देउता (चन्द्रमा)लाई लात्ताले हानेर, कोपरेर, चिथरेर आइसके भने हाम्ले कम्तिमा आर्केको मुलुकाँ बसेर पनि बैठक बसेर आफ्नो मुलुकलाई समृद्ध बनाउन सक्ने भइम् । यो पनि चमत्कारकै कुरो हो ।

यसैगरी अब उप्रान्त पर्देशका बैठक पनि काठमान्डुबाटै बस्न सकिने भयो । पर्देशका मुख्येमन्तरीहरू सबै काठमान्डुमा घरजम गरेर बस्ने र उतैबाट आआफ्ना पर्देशका बैठक बसालेर सरखार चलाउने । त्यसो गर्दा उनरुलाई आफ्ना पाटीका केन्द्रका बैठक बस्न पटक पटक काठमान्डु धाइरहन पनि नपर्ने हुन्छ । त्यसै गरेर पालिके प्रमुखहर्ले पनि जिल्लातिर, पर्देशमुकामतिर, नेपाल सरखारको मुकामतिर डेराडन्डा कसेर उतैबाट भिडियो मार्फत् बैठक बसेर उतैबाट निर्देशन दिएर पालिकाका सरखार चलाउन सक्ने छन् । एवम् रितले वडाधिसहर्ले पनि आआफ्ना घरतिर बसेर वडाका बैठक भिडियोबाटै गर्ने छन् । त्यसरी वडासरखार चल्ने छ । त्यसो गर्दा केन्द्र, पर्देश र पालिकाहर्का सरखार प्रमुखहर्लाई एकैठाउँमा मुकाम जमाएर अफिस मा दैनिक धाएर सरखार चलाउन परेन । देश विदेश घुमेर, अरू देशका विकासे उधुम हेरेर उतैबाट सरखार चलाउन सकिने भयो । यसरी मात्रै समृद्ध नेपाल बन्ने छ । देश समृद्ध भएपछि रैतीजन सबै सुखी हुने छन् । यो हो समृद्ध नेपाल सुखी नेपाली बनाउने चमत्कारी योजना । उखाने सरखारको जय होस् । *८ भदौ २०७६*

# सुकुम्बासीका लागि भूमि विधेयक : यसो भन्छन् सुकुम्बासी नेताहरू !

*(भूमिसम्बन्धी आठौं संशोधन विधेयक प्रतिनिधिसभाबाट स्वीकृत भएको छ । विधेयकले भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गा उपलब्ध गराउने विषय उठान गरेको छ । कम्तिमा दश वर्षदेखि आवाद कमोत भएको ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भएतापनि आवादीमा परिणत भएको जग्गामा आबाद कमोत गरी आएका भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोवासीहरूलाई एक पटकका लागि नेपाल सरकारले निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हद नबढ्ने गरी जग्गा उपलब्ध गराउने विधेयकमा उल्लेख गरिएको छ ।*

*विधेयक अनुसार कम्तिमा १० वर्षदेखि भोगचलन गर्दै आएको जग्गा भूमिहिन सुकुम्बासीहरूलाई भूमि अधिकार दिइनेछ । भूमिसम्बन्धी आठौं संशोधन विधेयक २०७५ का सम्बन्धमा कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदको क्रमसंख्या १ देखि १० सम्म उल्लेखित संशोधनसहित गत मंगलबार प्रतिनिधिसभाबाट सर्वसम्मतिले स्वीकृत भएको थियो ।*

*विधेयक पारित भएसँगै यस विषयमा टिक्का टिप्पणी सुरु भएको छ । भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका सम्बन्धमा विधेयकमा गरिएको व्यवस्थाले सुकुम्बासीका समस्याहरू समाधान हुन्छन् त भन्ने प्रश्न हामीले सुकुम्बासी समस्याको उठान गर्दै आएका नेकपा (क्रान्तिकारी माओवादी) लगायत विभिन्न राजनीतिक पार्टी निकट संगठन तथा सुकुम्बासीसँग सम्बन्धित संघ संस्थाका नेताहलाई गरेका छौं । उनीहरूले दिएको जवाफलाई हामीले यहाँ प्रस्तुत गरेका छौं । -सम्पादक)*

## सुकुम्बासी समस्या समाधान गर्न भूमिको राष्ट्रियकरण गरिनुपर्छ :

*❑ नरबहादुर गौतम, अध्यक्ष, अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ*



यो सरकारले सुकुम्बासीको होइन हुकुम्बासीको पक्षपोषण गर्दै आएको छ। सरकारले प्रतिनिधिसभाबाट पारित गरेको भूमि सम्बन्धी विधेयकमा सुकुम्बासी र अव्यवस्थित बसोबासीका विषयमा जे जस्ता विषयहरूको उठान गरेको छ, त्यसबाट समस्याको समाधान हुँदैन । यो विधेयकलाई हेर्दा के देखियो भने यो सरकारसँग भूमि नीति नै छैन । राज्यले नागरिकको सम्पूर्ण जिम्मा लिनु पर्दछ । त्यसका लागि भूमिको राष्ट्रियकरण गरिनु पर्दछ ।

यो विधेयकले त नागरिकलाई सँधै सुकुम्बासी बनाइराख्ने काम मात्र गर्दछ । र, यसमा भएका प्रावधानहरूले भूमाफिया र हुकुम्बासीहरूको मात्र पक्षपोषण गरेको छ । भूमिको खण्डीकरण बन्द गर्ने, उद्योगधन्दा, कलकारखानाको विकास गर्ने, सबै नागरिकलाई रोजगारी दिने, गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षाको ग्यारेण्टी सरकारले गर्ने हो । सुकुम्बासीलाई भूमि दिने होइन । कम्तिमा आफूलाई समाजवादी, कम्युनिस्ट भन्नेहरूले यसो गर्नु पऱ्यो नि ।

५० लाख सुकुम्बासीहरूलाई सरकारले कसरी जमिन दिन सक्छ ? यो सरकारसँग तेत्रो जमिन कहाँ छ ? भूमाफियाहरूसँग कब्जा गरेर लिन सक्नु पऱ्यो नि । जमिन भूमाफियाहरूले प्लटिङ गरेर सकिसकेका छन् । त्यसकारण सुकुम्बासी समस्याको वास्तविक समाधान गर्ने हो भने भूमिको राष्ट्रियकरण गरिनु पर्दछ ।

## राज्यलाई दबाब दिनु पर्छ

*पवन गुरूङ, कोषाध्यक्ष- अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ*



संसदबाट पारित भएको भूमिसम्बन्धी आठौं संशोधन विधेयकले भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि जे जस्तो व्यवस्था गरेको छ, सामान्यतः सकारात्मक भएपनि दीर्घकालीन रूपले हेर्ने हो भने यसले ठोस समाधान दिन सक्दैन । सुकुम्बासीलाई राज्यले हेर्ने दृष्टिकोण नै ठिक छैन । भूमि अधिकारका लागि वर्षौदेखि सुकुम्बासीहरूले संघर्ष गर्दै आएका छन् । सडकमा हुन्जेल, चुनावमा भोटको आवश्यकता पर्दा राजनीतिक पार्टीहरूले थुप्रै आश्वासनहरू दिएका थिए । तर सरकारमा पुगेपछि सुकुम्बासीहरूलाई चिन्नै छाडे ।

अहिले आफूलाई कम्युनिस्ट पार्टी दावी गर्ने राजनीतिक दलको सरकार छ । कम्युनिस्टहरूले क्रान्तिकारी भूमिसुधार तथा जमिनको राष्ट्रियकरणको वकालत गर्दै आएका थिए । तर सरकारमा पुगेपछि यो मुद्दाको उच्चारण समेत गर्दैनन् । वास्तवमा भन्ने हो भने धनी, गरिब, सुकुम्बासी लगायत सबै वर्गका नागरिकहरूको समस्याको वास्तविक समाधानको लागि जमिनको राष्ट्रियकरण गरिनु पर्दछ । त्यसो हुन नसकेको अवस्थामा अहिले सरकारले जुन विधेयक ल्याएको छ, त्यसको पनि इमान्दारीपूर्ण कार्यान्वयन हुनेमा शंका छ । दलीय आस्थाका आधारमा भेदभाव गरिने, पहुँचको आधारमा काखापाखा गरिने खतरा पनि त्यत्तिकै छ । यसर्थ, समस्याको सुक्ष्म अध्ययन गरी सबैलाई न्यायोचित हुने गरी समाधान खोजिनु पर्दछ । त्यसका लागि विभिन्न सुकुम्बासी संगठनहरू एकजुट भएर राज्यलाई दबाब दिन सक्नु पर्दछ ।

## कार्यान्वयन हुनेमा आशंका छ

*दिपक राई, अध्यक्ष, संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा*



विधेयक कार्यान्वयन हुनेमा गम्भीर शंका छ र यसले सुकुम्बासी समस्या समाधान गर्छ भन्नेमा पनि शंका छ । नहुनु मामा भन्दा कानो मामा निको भनेझै विधेयकले भने अनुसार निष्पक्ष रूपमा वास्तविक सुकुम्बासीहरूलाई भूमि अधिकार दिए धेरथोर राहत पुग्ने थियो । तर सुकुम्बासीहरूको वास्तविक मर्म यो विधेयक बनाउनेहरूले बुझ्ेजस्तो लागेन । त्यसका लागि अब सबै राजनीतिक पार्टी सम्बद्ध सुकज्ञुम्बासी संगठन तथा संघ संस्थाहरूले एकताबद्ध भएर राज्यलाई दबाब दिन आवश्यक छ ।र, विधेयकलाई अझ सुकुम्बासी तथा अव्यस्थित बसोबासीहरूको हितनुकूलको बताउन आन्दोलित हुनु पर्दछ ।

## पञ्चायतकालीन मानसिकता देखियो

*राजु मोक्तान- सचिव, नेपाल बसोबास बस्ती संरक्षण समाज*



-विधेयकले गरेको सुकुम्बासीको परिभाषा नै पञ्चायतकालीन छ । त्यसमा सहमत हुन सकिन्न । कुनै कालखण्डमा पैत्रिक सम्पत्ति भएपनि प्राकृतिक प्रकोप, राजनीतिक द्वन्द्वलगायत विविध कारणवश मानिसहरू नदी किनारा, वन क्षेत्र तथा सरकारी ऐलानी, पर्ति जग्गामा बस्दै आएका छन् । पुर्जामा जग्गा देखिए पनि हाल उपभोग गर्न नसकिने अवस्थामा रहेको पनि हुन सक्छ । कतिपयको पुख्र्यौली सम्पत्ति भएपनि हाल नभएको हुन सक्छ । सुकुम्बासी बन्ने विभिन्न अवस्थाहरू रहेका छन् । त्यसको सूक्ष्म रूपमा अध्ययन गरेर मात्र सुकुम्बासीको परिभाषा गरिनु पर्दछ । जहाँसम्म भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने कुरा छ, त्यो सकारात्मक भएपनि पनि त्यसलाई पनि कार्यान्वयनमा लैजाँदा १० वर्षदेखि नभएर संविधान जारी हुँदा बखतदेखि बसोबास गर्दै आएकोलाई आधार बनाउनु पर्दछ ।

अव्यवस्थित बसोबासीहरूको हकमा पनि विधेयकमा जुन मूल्य पाउने व्यवस्था गरेको छ,, त्यो पनि अन्यायपूर्ण छ । त्यसरी उनीहरूसँग राज्यले शुल्क लिन मिल्दैन । अव्यवस्थित रूपमा जो मानिसहरू बस्तीमा बस्दै आएका छन्, उनीहरू गरिबी र अभावका कारण बस्तीमा बस्दै आएका छन् । उनीहरूले त्यत्रो शुल्क तिर्न कसरी सक्छन् । २५ प्रतिशत शुल्क नै लगाउने हो भने उनीहरू सुरुमा बस्दा बखतको जग्गाको मूल्यांकनको आधारमा लगाइनु पर्दछ । र, कसैलाई काखापाखा गरिनु हुन्न । विधेयकको ६ नं, बुँदामा सुकुम्बासीहरूलाई अपार्टमेन्टमा राख्ने कुरा पनि गरिएको छ । त्यसको हामी कडा विरोध गर्दछौं । त्यो प्रयास विगतमा पनि असफल भइसकेको हो । भूमिहीनलाई भूमि अधिकार नै दिइनु पर्दछ । जोखिमयुक्त ठाउँ छ भने त्यस्तो बस्तीलाई अन्यत्र सारेर भएपनि उनीहरूलाई भूमि अधिकारसहित लालपूर्जा दिइनु पर्दछ ।

हरेक राजनीतिक पार्टीहरूले सुकुम्बासीहरूसँग प्रतिबद्धता जनाएका थिए कि सरकारमा पुगेपछि उनीहरूले सुकुम्बासीहरूका समस्याहरू समाधान गर्छन्, उनीहरूको जीवनस्तर उकास्न र गरिबीको रेखामुनि रहेकाहरूलाई विशेष सहुलियत दिने । तर सरकारमा पुगेपछि उनीहरूले आफ्नो प्रतिबद्धता र बाचा विर्सने गरेका छन् । यसबेला उनीहरूले विगतमा गरेका बाचा सम्झेर विधेयकको कार्यान्वयन गर्नु पर्दछ । त्यसका लागि सुकुम्बासीहरूले एकताबद्ध भएर निरन्तर खबरदारी गर्नु पर्दछ ।

## संविधान जारी भएको मितिलाई आधार मानेर लालपुर्जा दिनु पर्छ

*❑ हुकुमबहादुर लामा, अध्यक्ष, नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक)*



देशैभरका गरेर ५० लाखभन्दा बढी सुकुम्बासी छन् । सुकुम्बासी तथा अव्यवस्थित बसोबासी भनेर सरकारले यो समस्यालाई विधेयक मार्फत् जुन सम्बोधन गर्न खोजेको छ, त्यसलाई सकारात्मक रूपमा लिन सकिन्छ । तर यसका कतिपय विषयमा हाम्रो असहमति छ । खासगरी सुकुम्बासीहरूको परिभाषाको सम्बन्धमा सरकारले विगत दशवर्षदेखि बस्दै आएको भनेको छ, हामीले संविधान जारी हुँदाको समयदेखि बसोबास गर्दै आएकोलाई आधार मानिनु पर्दछ भनेका छौं । अर्को कुरा, सुकुम्बासीहरूलाई फ्ल्याट सिस्टममा राख्ने पनि कुरा सुनिएको छ । यसको हामीले विरोध गर्दै आएका छौं । सुकुम्बासीहरूलाई फ्ल्याट होइन, भूमि अधिकार चाहिन्छ । जोखिमुक्त स्थानमा बसोबास गर्दै आएका सुकुम्बासीहरूलाई अन्यत्र भूमि व्यवस्था गरिनु पर्दछ । तर जोखिम रहित ठाउँमा बसोबास गर्दै आएकाहरूको हकमा भने उनीहरूले भोगचलन गर्दै आएको आधारमा लालपुर्जा दिइनु पर्दछ ।

अव्यवस्थित बसोबासीको हकमा पनि सरकारले २५ प्रतिशत शुल्कको जुन कुरा गरेको छ, त्यो अन्यायपूर्ण रहेको छ । यी सबै विषयमा सुकुम्बासी सम्बद्ध संघ संस्थाहरू एकताबद्ध भएर आवाज उठाउन र राज्यलाई दबाब दिन आवश्यक छ ।

## सुकुम्बासीलाई हेर्ने दृष्टिकोण फराकिलो हुनुपर्छ

*❑ विमला तामाङ, अध्यक्ष, नेपाल महिला एकता समाज*



अहिले जनु विधेयक सरकारले ल्याएको छ,, त्यसबाट सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान हुन्छ कि भन्नेमा म आशावादी बनेको छु । र, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूका विषयमा सरकारको दृष्टिकोण फराकिलो हुनु पर्दछ । विधेयकले व्यवस्था गरे बमोजिम सरकारले आयोग बनाएर यसको अविलम्ब कार्यान्वयन गरिनु पर्दछ । सुकुम्बासीहरू जुन थलोमा बसीरहेका छन्, त्यो ठाउँ जोखिमयुक्त छैन भने उनीहरूलाई भोगचलन गर्दै आएको जग्गा नै दिइनु पर्दछ । सबैलाई एकै किसिमको नियम बनाएर लगाउने भन्दा पनि बस्ती नै पिच्छे फरक स्थिति रहेकाले त्यही अनुसार नीति बनाइनु पर्दछ । केही नहुनु भन्दा कानो मामा निको भनेजस्तै अहिलेको विधेयकले सुकुम्बासीहरूलाई केही राहत दिन सक्छ भन्नेमा म आशावादी छु ।

## संयुक्त मोर्चा बनाएर दबाब दिनु पर्छ

*❑ दिपक जंग कुँवर, नेपाल सुकुम्बासी व्यावस्थापन संघ, समाजवादी पार्टी निकट*



विगतमा भन्दा विधेयक केही सच्चिएर आएको छ । यो समस्यालाई दुई वर्गमा मात्र वर्गीकृत गरिएको छ । वास्तवमा यसलाई विभिन्न तहमा वर्गीकरण गरेर हेरिनु पर्दछ र त्यही अनुसार समाधान खोजिनु पर्दछ । अन्यथा, यो विधेयकले पनि घुमाएर सुकुम्बासीलाई भन्दा हुकुम्बासीहरूलाई फाइदा पुऱ्याउन सक्छ । पछि कार्यविधि, नियमावली बनाएर अध्ययन गर्दा केही होला कि भन्ने ठाउँ छ । त्यसका लागि सबै सम्बद्ध संघ संगठन तथा संस्थाहरू एकताबद्ध भएर एउटै आवाजका साथ दबाब दिनु पर्दछ र प्रदेशसभाबाट परिमार्जन गरिने वातावरण बनाउनु पर्दछ ।

अव्यवस्थित बसोबास गर्नेहरूको ठोस रूपले वर्गीकरण गरिनु पर्दछ । भूमाफियाहरूले व्यावसायिक फाइदाका लागि सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेका छन् । तिनीहरूको पहिचान गरिनु पर्दछ । गरिब र धनीलाई एउटै तुलोमा हालेर जोखिनु हुन्न । अन्यायपूर्ण हुन्छ । यसर्थ, मोर्चाबद्धीका साथ हामीले आवाज उठाउनु पर्दछ ।

# नेपाल–भारत संयुक्त आयोगको बैठकले गरेका यस्ता छन् १३ बुँदे निर्णय



काठमाडौं । नेपाल-भारत संयुक्त आयोगको बैठक बिहीबार सकिएको छ । नेपाल र भारतका परराष्ट्रमन्त्रीहरूले नेतृत्व गरेको बैठकले १३ बुँदे सहमति गरेको छ ।

बैठकमा आपसी सम्बन्ध, सुरक्षा र सीमा, कनेक्टिभिटी, आर्थिक विकास, ब्यापार तथा पारवहन, उर्जा र जलस्रोत तथा संस्कृति र शिक्षा लगायत पाँचवटा विषयमा छलफल भएको बताइएको छ ।

बैठकमा ३५ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व मन्त्री ज्ञवालीले गरेका थिए । भारतीय टोलीको नेतृत्व विदेशमन्त्री एस जयशंकरले गरेका थिए ।

यस्ता छन् संयुक्त बैठकले गरेका निर्णयहरू :

१. बैठकले सन् १९५० को नेपाल भारत सन्धी पुनरावलोकनका लागि दुबै देशका परराष्ट्र सचिवलाई ठोस मार्ग्चित्र लिएर आउन भनेको छ । त्यस्तै प्रवुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझाउनका लागि ईपीजी सचिवालयलाई तयारी गर्न भनेको छ ।

२. बैठकले द्वीपक्षीय सम्बन्धबाहेक संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय क्षेत्रीय र उपक्षेत्रीय मञ्चमा साझा हितका विषयमा सहयोगलाई निरन्तरता दिने । दक्षिण एशियामा शान्ति, समृद्धि क्षेत्रीय र उपक्षेत्रीय सहयोग महत्वपूर्ण हुने कुरामा जोड दिएको छ ।

३. भारत सरकारको सहयोगमा सञ्चालित मोतीहारी अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन समयभन्दा अगाडि सम्पन्न भएको छ । हुलाकी राजमार्गको केही भाग र भूकम्पपछि निजी आवास पुननिर्माण भएको प्रगतिप्रति बैठकले सन्तोष व्यक्त गरेको छ ।

निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेको जनकपुर( जयनगर( कुर्था, जोगवनी(बिराटनगर अन्तरदेशीय रेलमार्ग र विराटनगरस्थित एकीकृत जाँच चौकी सञ्चालनमा ल्याउने निर्णय गरेको छ । त्यस्तै नयाँ रेलमार्गहरू जलपाइगुडी(काँकटभिट्टा, नौतनवा( भैरहवा र नेपालगञ्जको अन्तरदेशीय रेलमार्ग निर्माणलाई तिब्रता दिने निर्णय गरेको छ ।

४. नेपाल भारत वाणिज्य सन्धी, पारवहन र रेलवे सम्झौताको पुनरावलोकन गर्न भारत सहमत भएको छ । वाणिज्य सन्धीमा रहेका कतिपय व्यवस्थाले ब्यापार घाटा चुलिएकाले केही सहुलियत हुने गरी पुनरावलोकन गर्न नेपालले गरेको आग्रहमा भारत सहमत भएको छ ।

५. नेपाल(भारत सीमानजिक भारतीय भूमिमा बनाएको संरचनाले पानीको प्राकृतिक वहाव रोकेको विषयमा बैठकमा छलफल भयो । गत वर्ष दुबै देशको टोलीले डुवान सम्भावित क्षेत्रमा भ्रमणपछि सुझावसहित पेश गरेको प्रतिवेदन यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरेको छ । आगामी दिनमा पनि अवलोकन भ्रमणलाई निरन्तरता दिने बैठकले निर्णय गरेको छ ।

६. सन् २०२० मा नेपाल भ्रमण वर्ष मनाउन लागेको सन्दर्भमा नेपालले भारतसँग केही अपेक्षा गरेको छ । जसमा भारतले प्रतिवद्धता व्यक्त गरेको छ । भैरहवा, पोखरा र निजगढ विमानस्थललाई ध्यान दिएर भारतसँग एयर इन्ट्री रुट (आकाशमार्ग) माग गरेका छौं ।

७. दुई देशको सीमा कार्य समूह (बाउन्ड्री वर्किङ गुरूप) लाई सीमा स्तम्भ निर्माण पुनर्स्थापना मर्मत सम्भार, दशगजा क्षेत्र खाली गराउन अन्य प्राविधिक कार्य निरन्तरता दिन बैठक सहमत भएको छ । त्यस्तै सुस्ता र कालापानीको नक्शांकन नभएकाले ठोस प्रस्ताव अघि बढाउन परराष्ट्र सचिवस्तरको संयन्त्रलाई बैठकले निर्देशित गरेको छ ।

८. सीमापार अपराध नियन्त्रण गर्न सहयोग प्रवर्द्धन गर्न र द्विपक्षीय संरचनाको सुरक्षासम्बन्धी संरचनाको नियमित बैठकमा जोड दिएको छ ।

९. रक्सौल-काठमाडौं रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन डीपीआर शीघ्रताका साथ अगाडि बढाउन बैठक सहमत भएको छ ।

१०. संयुक्त आयोगले दुबै देशको सम्बन्धित अधिकारीलाई पञ्चेश्वर परियोजनाको बाँकी मुद्दा टुंग्याएर डीपीआर बनाउन निर्देशन दिएको छ ।

११. भारतसँगको ब्यापार घाटा कम गर्न नेपाली निर्यातजन्य सामग्रीलाई बढ्दो पहुँच उपलब्ध गराउन भारत सहमत भएको छ । नेपाली सामग्रीलाई भन्सारजन्य र गैर भन्सारजन्य ब्यवधान, परिमाणात्मक बन्देश हटाइदिन नेपालले आग्रह गरेको छ । यसमा भारतले विचार गर्छौं भनेको छ ।

पारवहन सन्धिमा पुनरावलोकन गरेर भारतको शाहिदगञ्ज( कालुघाट टर्मिनलबाट नेपाल भित्रने कार्गोलाई गंगा नदीमा जलमार्ग प्रयोग गरेर आन्तरिक जलमार्गमा समावेश गर्न सहमत भएका छौं ।

१२. नेपालको खाद्य प्रविधि गुण नियन्त्रण विभाग र भारतको खाद्य सुरक्षा तथा मानक प्राधिकरणबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । अब एक अर्काको देशको प्रयोगशालामा जाँच गरेको सामग्रीले अर्को देशमा मान्यता पाउँछ । नेपालको ल्याबबाट प्रमाणीकरण भएको सामाग्रीले निर्वाधरूपमा भारतीय बजारमा पहुँच पाउनेछ ।

१३. भूकम्पपछिको निजी आवासका लागि भातले २४५ अर्ब र हुलाकी राजमार्गका लागि ८० करोड रूपैयाँको चेक हस्तान्तरण गरेको छ ।

## अखिल (क्रान्तिकारी) काभ्रे जिल्लाको प्रशिक्षण कार्यक्रम सम्पन्न



बनेपा । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) काभ्रेले जिल्ला प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । पार्टीका केन्द्रीय सदस्य कान्छाराम तामाङ, सोमानसिंह तामाङ, अखिल (क्रान्तिकारी)की केन्द्रीय उपाध्यक्ष शिलु न्यौपाने, महासचिव पेशल दाहाल, देजमोका जिल्ला अध्यक्ष जितबहादुर लामा, दलित मुक्ति मोर्चाका नेता टेकबहादुर विक लगायतका नेताहरूको उपस्थितिमा भएको प्रशिक्षण कार्यक्रममा कार्यक्रमकी प्रमुख अतिथि समेत रहेकी शिलु न्यापानेले विद्यार्थी संगठन, महासविच पेशल दाहालले संगठनको इतिहास, पार्टी केस कान्छाराम तामाङले पार्टी आन्दोलन र सोमानसिंह तामाङले समसामयिक राजनीतिक विषयमा प्रशिक्षण दिएका थिए ।

संगठनकी काभ्रे संयोजक शोभा सेन्चुरीको अध्यक्षता र सचिव नविन वाइवाको सञ्चालनमा सम्पन्न भएको प्रशिक्षण कार्यक्रममा जिल्लाका विभिन्न विद्यालय तथा क्याम्पसमा निर्मित इकाइ कमिटिका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## क्रान्तिकारी माओवादी नवलपरासीको एक महिने अभियान उदघाटन




नवलपरासी। नेकपा (क्रान्तिकारी माओवादी ) पश्चिम नवलपरासीले शनिवार एक कार्यक्रम बीच एक महिने अभियान उद्धाटन गरेको छ । क्रान्तिकारी माओवादीले छुट्टा छुटटै कार्यक्रम गरी बैचारिक प्रशिक्षण तथा अभियान उद्धाटन गरेको हो । कार्यक्रममा क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य तथा प्रदेश सचिव प्रमोदले क्रान्तिकारी माओवादी मात्र राष्ट्रको बैकल्पिक शक्ति रहेको उल्लेख गर्दै पार्टीले संगठन संगै संर्घषको तयारी गरेको बताए । उनले भष्ट्र दलाल तथा माफियाबिरुद्धका संर्घषलाई तीब्र बनाउदै जनतामा स्थापित पार्टी बनाउन कार्यकर्ताले मिहनेत गर्नुपर्ने आवश्यकता माथि प्रकाश पार्दै सच्चा क्रान्तिकारी पार्टी क्रान्तिकारी माओवादी मात्र रहेको बताए ।

कार्यक्रममा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य एंव जिल्ला ईञ्चार्ज जिवराजले समेत प्रशिक्षण दिएका थिए । कार्यक्रममा पार्टीका प्रदेश सदस्य संकल्प र रामप्रसादको समेत उपस्थिति थियो ।

कार्यक्रम सो पार्टीको जिल्ला सेक्रेटरी चोलाको अध्यक्षतामा भएको थियो । संगठन तथा जनपरिचालन अभियानमा संगठन विस्तारका साथै स्थानीय अन्तरबिरोधको पहिचानसंगै जनसंर्घष, बर्गसंर्घष र प्रतिरोध संर्घष उठान गर्ने योजना रहेको एक जिल्ला सचिवालय सदस्यले बताए ।

## अखिल (क्रान्तिकारी) ५ नं. प्रदेशको बैठक सम्पन्न, संगठन विस्तारमा जोड



बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को ५ नं. प्रदेशको बैठक सम्पन्न भएको छ । कपिलवस्तुको चार नम्बर जितपुरमा सम्पन्न भएको बैठकले संगठन विस्तार र विद्यार्थी आन्दोलन उठानमा जोड दिएको छ ।

क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य समीर, संगठनका अध्यक्ष हरि कृष्ण गजुरेललगायतका नेताहरूको उपस्थितिमा बसेको बैठकले प्रदेशभरिमा ४ हजार विद्यार्थीहरूलाई संगठनको साधारण सदस्यता वितरण गर्ने, विद्यार्थीहरूका समस्या तथा शैक्षिक विकृती, विसंगतीलाई समेटेर माग पत्र तयार पारी स्थानीय तहदेखि प्रदेश मुख्यालयसम्म मागपत्रहरू बुझाउने, शैक्षिक मुद्दाहरूलाई लिएर अन्तर्क्रिया कार्यक्रमहरू गर्ने लगायतका निर्णयहरू गरेको संगठनका सचिव तथा प्रदेश ५ का संयोजक महेश श्रेष्ठले जानकारी दिए । बैठकले गुल्मीका पहिरो पीडितहरूको लागि राहत संकलन र हस्तान्तरणमा महत्वपूर्ण भूमिका खेलेका संगठनका विभिन्न कमिटिका सदस्यहरूलाई हार्दिक धन्यवाद समेत ज्ञापन गरेको थियो ।

यसैबीच, ५ नं प्रदेशका विभिन्न कलेज तथा विद्यालयहरूमा संगठनहरू निर्माण गरिएका छन् । प्राप्त जानकारी अनुसार सीता घिमिरेको नेतृत्वमा ज्ञानोदय मा.वि.मा ४१ सदस्यीय, सुरज थारुको नेतृत्वमा मोतिपुर माविमा ५१ सदस्यीय कमिटिहरू निर्माण गरिएका छन् ।

## नेपाली एकता समाज भारतको मध्य दक्षिण राज्य सम्मेलन भव्य रूपमा सम्पन्न

काठमाडौं । नेपाली एकता समाज, भारत मध्य दक्षिण भारत एकताको प्रथम राज्य सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । हैदरावादको जेडीमेट्लामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय महासचिव क. परि थापाको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनको अध्यक्षता लक्ष्मी आचार्य र सञ्चालन विक्रम विसीले गरेका थिए भने सम्मेलनलाई राजेन्द्र धिमालले स्वागत गरेका थिए ।



सम्मेलनको उद्धाटन गर्दै प्रमुख अतिथि थापाले वर्तमान कथित कम्युनिस्ट पार्टीको सरकारले विगतका सरकारहरूले जस्तै राष्ट्रघात, जनघात र भ्रष्टाचार लाई निरन्तरता र व्यापकता दिएको बताए । उनले अगाडि भने, 'समाजवाद'को लफ्फाजी दिएको सरकारले शिक्षा, स्वास्थ्य र रोजगारीको दायित्व लिनु पर्नेमा ती विषय र क्षेत्रमा भैरहेको नीजिकरणलाई तिब्रता दिएर मुठ्ठीभर दलाल, नाफाखोर र विचौलियाहरूको हितमा काम गरेको छ ।'


त्यसैगरी नेता थापाले भने, 'वर्तमान सरकारले संविधानमा व्यबस्था भएका प्रावधानहरूका विपरित कार्य गरेको र राज्य व्यबस्था प्रतिकृयादमा पतन भैसकेकाले अब यसको भण्डाफोर गर्न आवश्यक नभएकाले आगामि मंसिर महिनामा हुने भनिएको संघीय र स्थानीय चुनावलाई सकृय बहिष्कार गर्दै संघर्षलाई सशक्त ढंगले अगाडी बढाएर संघीय जनगणतन्त्र स्थापनाको दिशामा अगाडि बढ्नु पर्दछ ।'

नेता थापाले नेपाली एकता समाज, भारतले देश भित्र भएका र हुने विभिन्न आन्दोलन र संघर्षहरूमा सहयोग, समर्थन र सहभागिता पुर्याउँदै आएको स्मरण गर्दै नेपाली एकता समाज, भारतको प्रसंशा गरे । साथै, उनले देशमा रोजगारीको अभावका कारण विदेशिन वाध्य भएका युवाहरूलाई संगठित, एवं अनुशासित हुन र बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा समेत नेपाली एकता समाज, भारतलाई धन्यवाद दिए ।

नेपाली एकता समाज, भारत केन्द्रीय समितिका अध्यक्ष आनन्द थापाले प्रस्तुत गरेको नयां प्रदेश कार्य समितिको नामावली बन्दसत्रले सर्वसम्मतिबाट पारित गरेको थियो । नेता आनन्द थापाले नवनिर्वा्चित समितिलाई बधाइ दिएका थिए । सम्मेलनमा शुभकामना मन्तव्य दिनेहरूमा नेपाली एकता समाज, भारतका केन्द्रीय समितिका सदस्य छविलाल थापा लगायत रहेका थिए ।

सम्मेलनले राम कुमार कार्कीको अध्यक्षतामा १९ सदस्सीय नेपाली एकता समाज मध्य दक्षिण भारत प्रदेश कार्य समिति चयन गरेकोछ । प्रदेश समितिको अन्य पदाधिकारीहरूमध्ये उपसभापतिमा बालकृष्ण सापकोटा, सचिवमा टीकाराम भुल, सहसचिवमा विक्रम जी. सी, कोषाध्यक्षमा गोविन्द के. सी., सदस्यहरूमा मोहनलाल सापकोटा, डिलमाया थापा, पदम कार्की, राजेन्द्र धिमाल, राम प्रसाद पौडेल, भुपराज घिमिरे, टंक ठकुरी, सीता कार्की, सपना चापागाई, अमर बी. क. रहनु भएकोछ भने दुई स्थान रिक्त रहेकोछात्यसैगरि सल्लाहकारमा लक्ष्मी आचार्य, प्रकाश चापागाईं,धन बहादुर भुल, चन्द्र सापकोटा लगायत रहेका छन् ।

# भारतीय विस्तारवादी बर्बर आक्रमण विरुद्ध–प्रतिरोध युद्ध



● पुष्प गोपाल श्रेष्ठ ●

***हामीले ती आततायी भारतीय विस्तारवादलाई पराजित गर्नै पर्छ र नेपाललाई एउटा स्वाधीन, स्वतन्त्र र जनवादी गणतन्त्र कायम गर्नैपर्छ । यो काम गर्नको निम्ति देशमा क्रान्तिकारी कम्युनिस्ट पार्टी टुट्फुट भई भिन्दाभिन्दै पार्टी गठन गरी छरिएर रहेका सबैलाई पार्टीगत एकता कायम जरुरी छ । अन्य कुनै पार्टीसँग सम्बन्धित वा असम्बन्धित धेरै भन्दा धेरै मानिसहरूलाई हामीले एकतावद्ध गर्नैपर्छ । यसो भनेर फेरी कम्युनिस्टहरूले सिद्धान्तहीन संयुक्त मोर्चामा हात हाल्नु हुँदैन र त्यसले कम्युनिस्ट पार्टीलाई क्षय तुल्याउने, रोकथाम गर्ने, छेकथुन गर्ने र दबाउने जस्ता सबै काला कर्तुतहरूको तिनले बिरोध गर्नैपर्छ, र पार्टीभित्रको दक्षिणपन्थी अवसरवादको विरोध मात्र होइन यस्तालाई त निर्मूलै पार्नुपर्छ***

नेपाल भौगोलिक आकारमा पक्कै पनि सानु देश हो । परन्तु, निमुखा र कायरहरूको देश होइन । आजसम्म नेपाल र नेपालीहरू कोही कसैको दासदासी बनी आफ्नो जीवनको भिख मागी बसेको इतिहास छैन । उता, वर्तमानमा भारतीय विस्तारवाद आफ्नै देशमा रहेर पनि ब्रिटिश साम्राज्यवादको दासदासी बनी उनीहरूलाई पिठ्युँमा बोक्दा बोक्दा निधारमा परेको नाम्लोको डाम टुटीनसकेका (मेटी नसकेका) तर, उनीहरूको सिकन्जाबाट छुटकारा मात्र के पाएका थिए, आफुले भोगी आएजस्तै गरी नेपाल र नेपालीहरूलाई आफ्नो दासदासी बनाई, हाम्रो प्राणभन्दा प्यारो देश नेपालमा रजाइँ गर्ने दुःस्वप्न बोकी, नेपालमा कायम रहिआएको दलाल, नोकरशाही पुँजीवादी, अर्ध-औपनिवेशिक, नव-औपनिवेशिक तथा अर्ध-सामन्ती समाजभित्रको कमजोर स्थितिबाट फाइदा उठाउने जमर्को गर्दै आएको छ । स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्र नेपालको राष्ट्रिय स्वाधीनतामाथि १९५० को असमान-सन्धि लाद्नुकोसँगै निशस्त्र तर विभिन्न कुटिलचाल अपनाई नेपालको अथाह जलश्रोत हड्प्नु, सिमामिची भूमी कब्जा गर्नु, दसगजाभित्र उच्च पक्की सडक र बाँध निर्माण गरी मधेस तराईलाई डुबानमा पार्नु, नेपालको साँध सिमा खुम्च्याई अनाधिकार नेपालको नक्सा निर्माण गरी प्रस्तुत गर्नु र पारवहन सुविधाबाट बन्चित नेपालमाथि बारम्बार नाकाबन्दी जस्ता अनेकन पीडा दिई आक्रमण गर्दै आइरहेको छ । यसरी लगातार एकपछि अर्को आक्रमणको सिलसिलामा पछिल्लो पटक नेपाली जनतामाथि विषादी आक्रमण गरिएको छ ।

विश्वको राजनीतिक रङ्गमञ्चमा कुन देश ठुलो र कुन देश सानु, कुन देश कमजोर र कुन देश बलियो भन्ने मूल कुरा होइन । मूल कुरा त त्यस देशको स्वतन्त्र सार्वभौम सम्पन्न राष्ट्रिय स्वाधीनता हो । तर, यहाँका दलाल प्रवृत्तिका पार्टीहरू र यथास्थितिका मानिसहरू हरहमेसा शत्रुको सवलता र हाम्रो दुर्वलता बाहेक केही नदेख्नेले राष्ट्रिय दासताको सिद्धान्तका सिद्धान्तकारहरू भन्ने गर्थे "प्रतिरोध युद्धको अर्थ दासता हुनेछ" हामीले हाम्रो देशमाथिको भारतीय विस्तारवादको नाङ्गो हस्तक्षेप विरुद्ध प्रतिरोध युद्धको कुरा गर्दा, उनीहरू भन्ने गर्छन् "युद्धमा उत्रनुको परिणाम दासता हुनेछ" । भारत बलियो र ठुलो छ, यता नेपाल चाहिँ सानु र कमजोर छ भनेर हामी डिच्चिनु छैन । हाम्रो देश नेपाल सानु छ तर पराक्रम कम छैन, अर्थात् देशको भौगोलिक आकार सानु छ तापनि हाम्रो पराक्रमको इतिहास कसैको भन्दा कम छैन र तिनै पराक्रमका वीर-विराङ्गना नेपालीहरूका हामी वीर-सन्तति हौं भनेर मात्र विश्वास दिलाउन सक्दैनौं ।

सवलताले दुर्वलतालाई दवाउनु र आफ्नो दासदासी बनाउनु स्वाभाविक हो भनी उनीहरूले बेलायत सानु भएर पनि बलियो हुनाले भारत ठुलो र कमजोर हुनुको कारण भारतलाई आफ्नो दास बनाएको ऐतिहासिक उदाहरण पेश गर्न सक्छन् । तर ठिक यस्को उल्टो भियतनाम सानु देश भएर पनि मनोबल र शक्ति उँचा र बलियो (सवल) देश भियतनामले विश्व साम्राज्यवादका नाइके भइ टोपलेका मैहुँ भन्ने अमेरिकालाई लखेटेर पठाएको ऐतिहासिक घटना पनि त हाम्रो सामु छ ।

त्यसकारण सबै आत्म-समर्पणवादीहरूको मुखमा बुजो लाउन र नुन देखि सबैथोक भनेजस्तै उनकै भर पर्नुपर्ने भनी बिच्कने यी सबका सबलाई विश्वास दिलाउन र अझै अन्यौलमा परिरहेका ढुलमुले अवस्थामा रहेका मानिसहरूलाई हौसला दिन र त्यसबाट प्रतिरोध तथा जनयुद्ध प्रति तिनको विश्वासलाई दरिलो पार्न हामीले प्रचार कार्यमा पर्याप्त सकारात्मक तर्कहरूका निम्ति अरु आधारहरू अघि सार्नुपर्छ ।

उसोभए हामीले अघिसार्नु पर्ने आधारहरू के के हुन त ? ती आधारहरू हुन यस युगका विशेषताहरू । यी विशेषताहरू भारतीय विस्तारवादको प्रतिगामीता र समर्थनको अभाव तथा नेपालको प्रगतिशिलता र समर्थनको प्रचुरताको रूपमा ठोस रूपले प्रतिविम्वित भएका छन् ।

हामीले उठान गर्न लागिरहेको युद्ध एउटा मामुली र साधारण युद्ध होइन बरु यो त २१ औं शताब्दीको भारतीय विस्तारवादी आक्रमण र तिनका दलाल राज्यसत्ता बीच चल्ने एउटा विशिष्ट किसिमको युद्ध हो अर्थात निःशस्त्र र सशस्त्र युद्ध हो । सर्वप्रथम, हाम्रो मित्रताको नाउँका शत्रु भारतीय विस्तारवाद एउटा मरणासन्न विस्तारवादी शक्ति हो । यो आफ्नो पतनको युगमा पुगिसकेको छ (आफ्नो पतनको खाल्टो आफैले खन्दै आएको छ) । यसलाई सही अर्थमा यसो भन्न सकिन्छ, शत्रुले आफ्नो अन्तिम छटपटिको संघर्षको रूपमा यो दुस्साहसवादी विषादी युद्ध छेड्नुको गाँठी कारण यही हो । त्यसकारण यस युद्धको परिणाम स्वरूप नेपालको होइन तर भारतीय विस्तारवादका शासक गुटहरूको बिनास हुने कुरा एउटा अनिवार्य निश्चितता हो । अर्को कुरा, भारतीय विस्तारवादले यो युद्ध त्यस्तो बखत छेडेको छ जब उन्कै छिमेकी अरु देशहरू अझ यसो भन्दा फरक नपर्ला दक्षिण पूर्वी एसियाली देशहरूमा उसले छर्दै गरेको विस्तारवादी आक्रमण लाद्ने दुस्प्रयासमा लागेको छ र हामीहरू सबै त्यो देशद्रोही व्यवस्था र विस्तारवादी बर्बर आक्रमण विरुद्ध एकसाथ लड्दै छौं वा लड्ने तयारी गर्दैछौं । त्यसैले नेपालको भाग्य संसारका धेरैजसो देशहरू र जनताहरूको भाग्यसँग गाँसेको छ ।

नेपालको स्थिति कस्तो छ नि ? आजको नेपाललाई अरु कुनै पनि ऐतिहासिक कालको नेपालसँग दाँज्न सकिंदैन । तर दलाल नोकरशाही पुँजीवादी अर्ध-औपनिवेशिक, नव-औपनिवेशिक तथा अर्ध-सामन्ती समाज हो, त्यसैले नेपाललाई कमजोर देश ठानिन्छ । तर यसको साथसाथै नेपाल ऐतिहासिक दृष्टिले प्रगतिशील युगमा छ, नेपालका नेपालीहरूसँग भारतीय विस्तारवादलाई हराउने क्षमता हुनुको मुख्यकारण यही हो । भारतीय विस्तारवाद विरोधी प्रतिरोध तथा जनयुद्ध प्रगतिशील छ भनेर हामीले परम्परागत सामान्य अर्थमा प्रगतिशील भन्न खोजेको होइन, यस प्रगतिशीलतालाई हामी आजको नेपालको प्रगतिशीलताको अर्थमा बुझ्छौं ।

आजको नेपाल किन प्रगतिशील छ त ? नेपाल प्रगतिशील छ किनभने अब उ पूर्ण सामन्ति देशको अवस्थामा छैन, नेपालमा राष्ट्रिय पुँजीवादको विकास भइनसकेको भएतापनि दलाल नोकरशाही पुँजीवादको बोलवाला छ तर पनि नेपालमा पुँजीपति वर्ग र सर्वहारा वर्ग विद्यमान छन्, नेपालका थुप्रै मानिसहरू युगौंदेखि जरा गाडेर बसेको सामन्तवादी राजतन्त्र फालेर ब्युँझीसकेका छन्, वा ब्युँझिन्दै छन् । नेपालमा एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टी छ र हामीसँग थुप्रै दशकको क्रान्तिको परम्परा र अनुभव छ, र विशेष गरेर नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछिका ७० वर्षको अनुभव हामीसँग छ । यस अनुभवले नेपाली जनता र राजनैतिक पार्टीहरूलाई शिक्षित तुल्याएको छ र यो अनुभव नै भारतीय विस्तारवाद विरोधी वर्तमान एकताको आधार पनि हो ।

प्रतिरोध र जनयुद्ध चलाएर मात्र अन्तिम घडीसम्म एकता कायम राख्न सकिन्छ र यसरी एकता कायम राखेर मात्र अन्तिम घडीसम्म प्रतिरोध र जनयुद्ध चलाउन सकिन्छ भन्ने कुरा गहन रूपले क्रान्तिकारी कम्युनिस्टहरूले बुझ्नु जरुरी छ । त्यसकारण कम्युनिस्टहरूले प्रतिरोध, जनयुद्ध तथा एकताका दुवै कुराका असल उदाहरण अघी सार्नुपर्दछ । शत्रुहरू र कट्टर आत्म-समर्पणवादीहरू तथा कम्युनिस्ट विरोधीहरू मात्र हाम्रो विरोधका निशाना हुन्, अरु सबैसँग हामीले भित्र दिलैदेखि एकतावद्ध हुनुपर्दछ । कट्टर आत्म-समर्पणवादीहरू र कम्युनिस्ट विरोधीहरू सबै ठाउँमा अल्प-संख्यामा मात्र रहेका छन् । वास्तवमा, यी आत्म-समर्पणवादीहरू र कम्युनिस्ट विरोधीहरूलाई हामी बाँकी राख्नेछैनौं, किनभने तिनलाई बाँकी राख्नु भनेको तिनलाई प्रतिरोध र जनयुद्धको घाँटी निमोठ्न र एकतालाई चकनाचुर पार्न दिनु हो । हामीले आत्म-समर्पणवादीहरूको दृढतासाथ विरोध गर्नैपर्छ । आत्मरक्षाको निम्ति, कम्युनिस्ट विरोधी तत्वहरूका आक्रमणहरूलाई दृढतासाथ जवाफ दिनैपर्छ । यसो गर्न चुक्नु दक्षिणपन्थी अवसरवाद हुनेछ र एकता र प्रतिरोध तथा जनयुद्धलाई हानी पुर्‍याउनु हुनेछ ।

कम्युनिस्टहरूले के कुरा बुझ्नैपर्छ भने हामीले भारतीय विस्तारवादी र जन विरोधी सत्तासिनहरू विरोधी राष्ट्रिय संयुक्त मोर्चाको थालनी जुन गर्न गईराखेकाछौं त्यसलाई विचैमा अलपत्र पारेर छोड्नु हुँदैन र यसलाई कायमै राखेर अगाडि बढ्नै पर्छ । हाल राष्ट्रिय संकट झनझन गहिरो हुँदै गएको र विश्वको स्थितिमा पनि ठूलो हेरफेर हुनगइरहेको वर्तमान स्थितिमा नेपाल राष्ट्रलाई जोगाउने गहन जिम्मेवारी बोक्न हामीले काँध थाप्नै पर्छ । हामीले ती आततायी भारतीय विस्तारवादलाई पराजित गर्नै पर्छ र नेपाललाई एउटा स्वाधीन, स्वतन्त्र र जनवादी गणतन्त्र कायम गर्नैपर्छ । यो काम गर्नको निम्ति देशमा क्रान्तिकारी कम्युनिस्ट पार्टी टुट्फुट भई भिन्दाभिन्दै पार्टी गठन गरी छरिएर रहेका सबैलाई पार्टीगत एकता कायम जरुरी छ । अन्य कुनै पार्टीसँग सम्बन्धित वा असम्बन्धित धेरै भन्दा धेरै मानिसहरूलाई हामीले एकतावद्ध गर्नैपर्छ । यसो भनेर फेरी कम्युनिस्टहरूले सिद्धान्तहीन संयुक्त मोर्चामा हात हाल्नु हुँदैन र त्यसले कम्युनिस्ट पार्टीलाई क्षय तुल्याउने, रोकथाम गर्ने, छेकथुन गर्ने र दबाउने जस्ता सबै काला कर्तुतहरूको तिनले बिरोध गर्नैपर्छ, र पार्टीभित्रको दक्षिणपन्थी अवसरवादको विरोध मात्र होइन यस्तालाई त निर्मूलै पार्नुपर्छ ।

आज अन्तर्राष्ट्रिय परिस्थितिमा नेपाल क्रान्तिकारी संघर्ष (युद्ध) मा एक्लो छैनन् र यो पनि इतिहांसमा कतै नभएको तथ्य हो । विश्वव्यापि रूपमा ब्यापकता र गहनताको दृष्टिले असाधारण जन-आन्दोलनहरू उठिसकेको र उठिरहेका तथा तिनले नेपाललाई समर्थन गरिरहेका तथ्यहरू इतिहांसमा आज देख्न सकिन्छ । अत्यन्तै उत्साहवर्द्धक यो भाइचारा क्रान्तिकारी जोस र जांगरलाई, यसरी नै यो क्रान्तिकारी धारलाई निरन्तरता कायम राखि अगाडि बढ्नु अत्यावश्यक छ र यसको निमित्त अत्यावश्यक तर फिलहाल विगठित स्थितिबाट गुज्रिरहेको त्यो अन्तरराष्ट्रिय माओवादी संगठनलाई नयाँ शिराबाट पुनः सुसंगठित पारी सशक्तिकरण भुमिकामा ल्याउने काममा सबै सम्बन्धित भाइचारा पार्टीहरूले आ-आफ्नो तर्फबाट जोड-बल गर्नु नितान्त जरुरी छ ।

क्रान्तिकारी जन-संघर्षकै कुरा गर्दा विश्व इतिहासको कुनै पनि कालखण्डमा आफुलाई मै हुँ भन्ने बडे बडेमानका फासिष्ट तानाशाहीहरू स्वाभिमानी चेतनशील जनताको क्रान्तिकारी जन-संघर्ष सामू आजसम्म अडिग भएर टेक्न सकेको इतिहास छैन भन्ने कुराको ज्वलन्त उदाहरणको निमित्त अन्यत्र कहिं गएर खोज्ने कष्ट गर्नै पर्दैन । त्यसको उदाहरण हाम्रो नेपालमा ०६२-०६३ सालमा उठेको दोश्रो जनआन्दोलनको राप र ताप सामू सदियौं देखि जरा गाडेर बसेको सामन्तवादी तानाशाही राजतन्त्रका अन्तिम राजा ज्ञानेन्द्र टिक्न नसकी दुमदवाई भागेको हाम्रो यो नाङ्गो आँखाले देखेका छौं । आजको यो प्रगतिशिल युगका प्रगतिशिल क्रान्तिकारी जनसमूदाय अगाडि त्यो प्रतिगामि भारतीय विस्तारवाद, प्रगतिशील स्वाभिमानि चेतनशील नेपाली जनसमूदायको प्रतिरोध संघर्षसामू अडिग भई बस्न सक्ने कुरै होइन ।

हुनत त्यो दोश्रो जनआन्दोलनमा बर्षौंदेखि आलो-पालो गरी सत्तासिन भएर नेपाली जनसमूदायलाई शोषण, दमन र उत्पीडनमा पारेर साम्राज्यवाद, विस्तारवादीहरूको दलाली गरी मोजमस्तीमा रमाउँदै आएका पूर्वएमाले, नेपाली कांग्रेस र अन्य दलहरू, पूर्वराजा ज्ञानेन्द्रले लात मारेर सत्ताबाट गलहत्याई पठाएपछि, जनयुद्ध हाँकेर आइरहेका माओवादीसँग कार्यगत एकताको नाउँमा मिसिन आएका थिए । तर, गद्दारलाई जतिसुकै दुधले चोख्याए पनि गद्दारको गद्दारै रहन्छ, गाई बन्दैन भनेजस्तै यिनीहरूका साथ जनयुद्धका प्रमुख नेतृत्व प्रचण्ड पनि देश र जनतालाई धोका दिएर गद्दारै बनी देश र जनतामाथि दोहन गर्दैछन् । यी र यस्ता जनता मारा देशद्रोहीहरूको यो ओढार, ती साम्राज्यवाद विस्तारवादीहरूको सेवा सुविधा र उनीहरूकै स्वार्थ अनुरूप निर्माण गरिराखेको यो दलाल नोकरशाही पुँजीवादी अर्ध-औपनिवेशिक, नवऔपनिवेशिक तथा अर्ध-सामन्ती समाजलाई ध्वस्त पारी, नयाँ जनवादी (जनगणतान्त्रिक) राज्य व्यवस्था कायम गर्न, जनयुद्ध सँगसँगै भारतीय विस्तारवादी बर्बर आक्रमण विरुद्धको प्रतिरोध युद्धलाई आवश्यकता अनुरूप चाँजोपाँजो मिलाई एकसाथ उत्रनु आजको अनिवार्य सर्त हुन आएको छ र यो समस्त स्वाभिमानी चेतनशील नेपाली मात्रको क्रान्तिकारी दायित्व पनि हो ।

२०७६/४/१६,ताहाचल, काठमाडौँ

## साहित्य

चाहिन्छ त्यसका लागि मात्र पात्र हाल्नुपर्छ।

**८) छोटा मिठा वाक्य लेख्ने**

लेख्दाखेरी लामा चौडा कुरा लेख्नुहुन्न। छोटा वाक्य लेख्नुपर्छ। भन्न खोजेका कुरा 'टू द पोइन्ट' लेख्नुपर्छ। साहित्य फूटबल खेलेज-तै खेलाउँदै जानुपर्छ भन्ने छ, जसका लागि भाषामा खेल्नुपर्छ। भाषा र प्र-तुतिमा कुरा आउनुपर्छ। पात्रसँगै उपन्यासको घटनाक्रम अगाडि बढाउनुपर्छ।

**९) नयाँ विषय र आफ्नै शैली**

अमर न्यौपानेले भन्ने गर्नुहुन्छ( पहिलोपटक साइकल बनाउने वैज्ञानिक हुन्छ, त्यसपछि बनाउने मि-त्री। यो लेखनमा पनि लागू हुन्छ। नयाँ विषय र नयाँ शैलीमा लेख्नुपर्छ। अरुका शैली पछ्याउनुहुन्न। तपाईं कुनै लेखकबाट प्रभावित हुन सक्नुहुन्छ तर शैली पछ्याउनुहुन्न। आफ्नै शैली निर्माण गर्नुपर्छ। कसैको शैली पछ्याउँछ पुर्याउँछ।

**१०) घुमघाम**

लेखकले घुमघाम गर्नुपर्छ। घुम्ने भनेको कुनै रे-टुरेन्टमा जाने, रिसोर्टमा जाने भनेको होइन। जुन ठाउँ गयो, त्यो ठाउँका मान्छेहरूसँग भेट्नुपर्छ। कुराकानी गर्नुपर्छ। त्यसले सेटिङ, पात्र, विषय र परिवेश थाहा हुन्छ।

**११) कल्पना शक्ति**

फिक्सन लेखकमा कल्पना गर्नसक्ने दिमाग हुनुपर्छ। एउटै दृश्यलाई सम्भाव्यताका विभिन्न कोणबाट हेर्नुपर्छ। कुनै घटना देखेपछि त्यसैमा आधारित भएर काल्पनिक कथा बुन्न सक्नुपर्छ।

**१२) विम्बको प्रयोग**

'समर लभ' मा मैले धनगढीको गर्मीलले 'मम ज-तै ि-टम्ड' पारेको भनेको छु। यो नयाँ विम्बको प्रयोग हो। हामी साइबर युगमा छौं। अब रातलाई विम्बमा भन्दा 'चुक घोप्ट्याएज-तो अध्याँरो' विम्ब हजारौंपटक प्रयोग भइसके। 'पासवर्ड ज-तै गोप्य' को प्रयोग गरेको छु मैले। विम्बले लेखनलाई पठनीय बनाउँछ।

**१३) कविताज-तो भाषा**

लेखनको भाषा कविताज-तो हुनुपर्छ। प्रत्येक लाइन अन्डरलाइन गर्न लायक होस्। पढ्दाखेरि वाह ! भन्न मन लाग्ने लाइन हाल्नुपर्छ। यसले गर्दा २(३ पाठ पढ्दा 'बोर फिल' गरेको पाठकले १ लाइन पढ्दा क्षमा गरिदिन्छन्। केही राम्रा लाइन बाटोमा फुर्छन्, साथीसँग कुरा गर्दा फुर्छन्। फुर्ने बित्तिक्कै लेखिहाल्नुस्। म बाइक कुदाइरहेको बेला फुरे पनि रोकेर टिप्ने गर्छु।

**१४) सरल लेखन**

साहित्य सबैले बुझ्ने हुनुपर्छ। रिक्सा चालकले पनि पढेर आँसु तुरुक्क आँसु झारोस् न तब पो साहित्य। बुद्धको शून्यवाद, नित्सेको फिलोसपी, मार्क्सको दर्शन ल्याएको लेखन मात्र गहन हुँदैन। सरल साहित्यको चमत्कार त्यही हो।

**१५) द्वन्द्व**

कथामा द्वन्द्व हुनुपर्छ। केका लागि भइरहेको छ? कुनै कथा आयो र कथामा सम-याहरू छन् भने त्यो नै द्वन्द्व हो। द्वन्द्वले नै कथालाई 'अप एन्ड डाउन' बनाइराख्छ। पात्रहरूलाई माथि चढाउने र तल झार्ने काम द्वन्द्व मार्फत राम्रोसँग गराउन सक्नुपर्छ।

**१६) लेखकका आँखा**

आम मान्छेले नदेखेको कुरा लेखकले देख्नुपर्छ। कुशल लेखकले एउटै विषयलाई क्यामेरामेनले ज-तै विभिन्न एंगलबाट हेर्न सक्नुपर्छ। लेखक भएपछि कार्पेटमा अड्किएको धुलो पनि देख्न सक्नुपर्छ। अब्जर्भेसन पावर लेखकमा भिन्न खालको हुनुपर्छ।

**१७) आख्यान वर्णनात्मक हुनुपर्छ**

वर्णानात्मक लेखनले कथालाई जिवन्त बनाउँछ। पाठकमा यो बा-तविक घटना हो भन्ने पार्छ। मैले समर लभको रि-पोन्समा फिलिम हेरेज-तो लाग्यो भन्ने पाएको छु। कथा भिजुअलाइज होस्। कतिपय नेपाली उपन्यास कथा छन् जुन यो कतिबेला भइरहेको छ? कोठाभित्र हो कि कोठा बाहिर भन्ने पनि थाहा हुँदैन। पात्रहरूको उमेर कुन हो? त्यो होइन। लेखनमा केही हदसम्म समाज पनि देखिनुपर्छ। ती पात्रको व्याख्या मार्फत भन्नुपर्छ। वर्णन मार्फत भन्नुपर्छ।

**१८) पञ्चलाइन**

लेखाइमा सक्दो पञ्चलाइन हाल्नुपर्छ। कतिपय अवस्थामा विम्ब राम्रो भयो भने पञ्च्लाइन राम्रो हुन्छ। चट्ट अन्डरलाइन गर्न मिल्ने। चोरेर फेसबुक ट्विटरमा हालिहालुँ जस्तो लागोस् र पढेर अरुलाई वाह हेर न कस्तो लेखेछ भन्न मन लागोस् त्य-तो लाइनहरू तपाईंहरूले उपन्यासमा हाल्नुपर्छ। यसले पाठकलाई पाना पल्टाउन सहयोग पुर्याउँछ।

**१९) पुनर्लेखन**

उपन्यास तथा कुनै पनि कृति लेखनमा पुनर्लेखनको खाँचो अति हुन्छ। यसले किताबलाई अति राम्रो बनाउँछ। जति लेख्दै गयो त्यति राम्रो बनाउँछ किताबलाई। बारम्बारको पुनर्लेखन भनेको मूर्तिकारले मूर्ति बनाएजस्तो हो। उसले पटक पटक छिना चलाएर राम्रो मूर्ति बनाउँछ त्यस्तै काम गर्छ पुनर्लेखनले। पुनर्लेखनका बेला राम्रा चिज पनि फालिन्छन्। त्यसैले, पुनर्लेखनका बेला सचेत भएर गर्नुपर्छ।

**२०) सशक्त अन्त्य**

आख्यान सशक्त अन्त्यले बनाउँछ। अन्त्य आफैमा पञ्च हुनुपर्छ लाग्छ मलाई। भरसक पूर्वानुमान लगाउन सक्ने नहोस्। हुनसक्छ पूर्वानुमान लगाउन सकिने तर विश्वासिलो र पाठकको मनमा बसिराख्ने खालको हुनुपर्छ। कथाको थीम अनुसारको अन्त्य दिनुपर्छ। नयाँ चिज दिनुपर्छ अन्त्यमा। सबैले लेखिरहेको जस्तो अन्त्य गर्नु हुँदैन । अलिकति फरक अन्त्य गर्नुपर्छ।

# साहित्य सृजना कसरी गर्ने ?

**परिभाषा**

हरेक मानिसका आ-आफ्ना भावना र कल्पना हुन्छन्, हरेक मानिसमा नयाँ-नयाँ विचार उठ्छ, हरेक मानिसका केही न केही काम र कुराहरू पर्छन् । यही सिलसिलामा आफ्ना मनको भाव अरुको सामुन्ने व्यक्त गर्न थाल्छ । मनको भाव व्यक्त गर्ने दुइटा तरिका छन् - बोलेर र लेखेर । बोलेर भन्दा लेखेर व्यक्त गरिएको भाव अमिट हुन्छ । रचनाको लागि चाहिने मूल तत्व भाषा हो । मनको भाव व्यक्त गर्ने सार्थक ध्वनिको समष्टि तथा लिखित अक्षरलाई नै भाषा भनिन्छ । भाषाको माध्यमबाट मानिसले आफ्ना मनका भावविचारहरूको आदानप्रदान गर्दछ । यसरी मनभित्र उठ्ने हरेक प्रकारका भावनाहरूलाई भाषाका माध्यमले गरिने कलात्मक अभिव्यक्ति नै साहित्य हो । यस संसारका प्रकृति एवं यहाँका जीवनको अभिव्यक्ति मानिसले विभिन्न किसिमले गर्न सक्तछ । जब यस जीवनजगत्को अभिव्यक्ति सौन्दर्यपूर्ण भाषाका माध्यमले कलात्मक रूपमा गरिन्छ तब त्यो साहित्य हुन्छ ।

**प्रकार**

साहित्यका जम्मा चार विधा छन् - १) निबन्ध, २) आख्यान, ३) नाटक र ४) कविता । यिनीहरूका पनि उपभेदहरू छन् ।

**१) निबन्ध**

निबन्धको अर्थ बाँध्नु वा सङ्गठित गर्नु हो । यसमा धेरै किसिमका विषय आउँछन् । यसैले संक्षेपमा निबन्धको परिभाषा कुनै विषयमाथि रोचक तथा सरस शैलीमा गद्यमा प्रकट गरिएका क्रमबद्ध विचारको समूह हो । निबन्ध त्य-तो साहित्यिक विधा हो जसमा निबन्धकारले सौन्दर्यपूर्ण गद्यभाषामा जीवनजगत्को कुनै विषयका बारेमा 'हो' वा 'होइन' भन्ने किसिमको कर वा आग्रह पाठकसमक्ष सोभै प्रकट गर्दछ । निबन्ध वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार प्रकारका हुन्छन् । निबन्धमा अभिव्यक्ति राम्रो हुनुपर्छ । यसैले शैलीको पनि निकै महत्त्व छ । निबन्ध सुन्दर, सजीव र सङ्गतिपूर्ण हुनुका साथसाथै विषयको प्रतिपादन सुगठित भएको हुनुपर्छ । निबन्ध विचार वा रूपका दृष्टिले तीन किसिममा आउँछन् ।

क) प्रबन्ध- सिद्धान्त वा विचारप्रधान लेख

ख) निबन्ध- प्रबन्ध ज-तै तर लेखकको व्यक्तित्व प्रमुख भएको रचना

ग) लेख- कुनै विषयमाथि विचारपूर्ण गद्यरचना

**२) आख्यान**

आख्यान त्य-तो साहित्यिक विधा हो जसमा कुनै काल्पनिक घटना, पात्र आदिको आख्यानको चित्रण गरी गद्यभाषामा जीवनजगत्को सौन्दर्यपूर्ण अभिव्यक्ति गरिन्छ ।

आख्यानविधाका दुई उपभेद छन् - उपन्यास र कथा ।

**क) उपन्यास**

कुनै कल्पित घटना, पात्रपात्रीहरू आदिका माध्यमले जीवनजगत्को वृहत्-वि-तृत सेरोफेरोको अप्रत्यक्ष रूपमा गरिने सौन्दर्यपूर्ण भाषिक अभिव्यक्ति उपन्यास हो । यसको आकारप्रकार लामो हुन्छ । उपन्यासमा जीवनका सम-याको व्याख्यान र त्यसको समाधान मिल्छ । यसमा समाजका घटना र चित्र मार्मिक औ मनोरम हुन्छन् । त्यसैले यो रोचक लाग्छ र गहन पनि हुन्छ । उपन्यास सामाजिक, ऐतिहासिक, पौराणिक र राजनीतिक गरी चार किसिमका हुन्छन् । यसका मूल तत्वहरूमा कथाव-तु, पात्र र चरित्र, कथोपकथन, देशकाल, शैली र उद्देश्य पर्छन् ।

**ख) कथा**

कुनै कल्पित घटना, पात्रपात्रीहरू आदिका माध्यमले जीवनजगत्को सीमित अंश वा खण्डको सौन्दर्यपूर्ण भाषिक अभिव्यक्ति कथा हो । यसको आकारप्रकार छोटो हुन्छ । कथा आफैमा पूर्ण जीवनको सानो अंश वा घटनाको चित्र हो । यसमा पनि उपन्यासकै तत्व रहन्छन् तर जीवनको खण्डश- अभिव्यक्ति हुने भएकाले कथामा आफ्नौ किसिमको पन र पाइन हुन्छ । कथाको कथाव-तु सूक्ष्म र संक्षिप्त हुन्छ, पात्र पनि एक दुई वा तीन चारसम्म मात्र रहन्छन् । शैली पनि कथानुकूल हुन्छ । कथाको उद्देश्य जीवनको कुनै एक दृष्टिकोण, बिन्दु अथवा घटनालाई सचित्र गरेर अगाडि बढ्नुहुन्छ । कथा कलात्मक, सुरुचिपूर्ण, प्रभावोत्पादक र विश्वसनीय हुनुका साथै जीवन सादृश्य हुनुपर्छ । यसैले कथाका विषयमा भनिएको पनि छ ।

'कथा एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ।' - महाकवी लक्ष्मी प्रसाद देवकोटा

'कथा मनुष्यजीवनका गति र अनुभूतिको सशक्त र उज्यालो पक्षको आ-थापूर्ण उद्घाटन हो ।' - म्याक्सिम गोर्की

कथा पनि सामाजिक, मनोवैज्ञानिक, पौराणिक, ऐतिहासिक, हा-यव्यङ्ग धेरै किसिमका हुन्छन् ।

उपन्यास बगैंचा हो भने कथा फूल हो, अथवा उपन्यास चन्द्रमाज-तो हुन्छ भने कथा टुकीज-तो । चन्द्रमाको उज्यालो वि-तृत क्षेत्रमा पर्छ, तर धमिलो पनि हुन्छ । टुकी सानो घेरालाई तीव्रतासाथ उज्यालो पार्छ । यसरी उपन्यासले जीवनको सर्वाङ्गिन चित्र प्र-तुत गर्छ र जीवनका अनेक अंशमा घुमाउरो फेरो मार्छ । कथाले भने जीवनका केही क्षेत्रमा घनीभूत भएका भावलाई सुन्दर र कलात्मक अभिव्यक्ति दिन्छ । उदाहरण

**३) नाटक–**

नाटक शब्द 'नट्' धातुबाट बनेको छ र यसको अर्थ हो अनुकरण वा नृत्यको भावमुद्राबाट भाव प्रकाशन गर्नु हो । यसमा क्रियात्मकताको पनि उत्तिकै महत्त्व छ । नाटक पौराणिक, ऐतिहासिक र सामाजिक गरी तीन प्रकारका छन् । नाटक जुनसुकै पृष्ठभूमिमा लेखिए तापनि तिनमा कथावस्तुमा काल्पनिकता, ज्ञनवीनता र चरित्रको विशिष्टता समावेश गरिएको पाइन्छ । नाटकका मुख्य तत्वहरूमा कथाव-तु, पात्र र चरित्र, कथोपकथन र उद्देश्य पर्छन् । नाटककार आफू अप्रत्यक्ष रही काल्पनिक रूपमा खडा गरिएका प्रत्यक्ष दृश्य पात्रपात्रीहरूका माध्यमले गद्यात्मक वा पद्यात्मक भाषामा गरिने जीवनजगत्को कलात्मक अभिव्यक्तिलाई नाटकविधा भनिन्छ । उदाहरण

**४) कविता–**

जीवनजगत्को लयात्मक सौन्दर्यपूर्ण भाषिक अभिव्यक्तिलाई साहित्यको कविताविधा भनिन्छ । साहित्यमा फुटकर कविताको ठूलो महत्त्व छ । व्यापक अर्थमा सबै पद्यात्मक रचनाका लागि 'कविता' शब्दको व्यवहार हुन्छ, तर अचेल 'कविता' भन्नाले गीति वा मुक्तकका अनेक प्रकारमा रचिएका एक विषय वा भावनाका सान्साना र फुटकर कविता बुभिन्छ । यिनमा पद्यात्मक, लयात्मक, ताल वा सुरयुक्त र -वच्छन्द सबै प्रणाली आउँछन् । यसरी फुटकर कविता वार्णिक, मात्रिक, गीति, मुक्तक, गद्यात्मक आदि प्रकारमा लेखिएका हुन्छन् । उदाहरण तत्व

साहित्यका मुख्य तत्व यी हुन् ।




१) शीर्षक - शीर्षक कृतिगत मुख्य तत्व हो । साहित्यिक कृति विशेषको नामाकरण नै शीर्षक हो । शीर्षक साहित्यमा प्रयोग गरिएका विषयव-तु, मुख्य घटना, प्रमुख पात्रपात्री, परिवेश, बिम्बप्रतिक सबैसँग वा यी मध्ये कुनै एक वा दुईमा मेल खाने हुनुपर्छ ।

२) विषय - साहित्य रचना कुन प्रकृति, पृष्ठभूमी, धरातल, समाज, इतिहास, मनोविज्ञान, धर्म, सं-कृति सम्बन्धी चित्रण गरिने हो, विषय त्यही नै हो । विषय भनेको साहित्यमा चित्रण गरिने मुख्य कुरा हो । विषयको आधारमा रचनाको सारव-तु, सन्देश, उद्देश्य गाँसेर हेर्न सकिन्छ ।

३) पात्रविधान - रचनामा रचनाकारले कुनै घटना, कार्य, विषयरविचार आदिलाई प्र-तुत गर्न खडा गरेका प्राणधारी व्यक्तित्वहरूलाई नै पात्र भनिन्छ ।

४) परिवेश - परिवेश भनेको कुनै खास देश, ठाउँ वा समाज, काल र वातावरणको चित्रण हो । त्यो देशकाल वातावरणमा आधारित परिवेश चित्रण बाह्य रूपमा सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, शैक्षिक आदि किसिमको हुन सक्छ भने त्यो पात्रका मनोविज्ञान, मानसिक द्वन्द्व, बौद्धिक चिन्तन आदि कुरासँग पनि सम्बन्धित हुन सक्छ ।

५) उद्देश्य - कुनै पनि साहित्यिक कृतिको रचना कुनै खास उद्देश्यप्राप्ति वा प्रयोजनका निम्ति गरिने गरिन्छ । कुन उद्देश्य प्राप्तिको लागि साहित्य सृजना गरिने हो, सो सम्बन्धमा साहित्यकार -पष्ट हुनु जरुरी छ ।

६) भाषाशैली - भाषाशैली भनेको भाषाको चयनयुक्त प्रयोग हो । साहित्यमा चित्रण गर्नुपर्ने कुरालाई भाषाका जुन शब्द, शब्दावली र वाक्यढाँचाले सुन्दर एवं प्रभावकारी किसिमले व्यक्त गर्न सक्तछन् तिनै शब्द, शब्दावली एवं वाक्यढाँचाको समष्टि प्रयोगलाई भाषाशैली भनिन्छ । अर्थात् कुनै कुरालाई सिलसिला मिलाएर राम्रोसित भन्नुलाई शैली भनिन्छ । सरलता, सजीवता र -पष्टता यसका आवश्यक गुण हुन् । भाषामा शैली राम्रो भएर मात्रै हुँदैन, व्यक्त गरिएका कुरालाई मीठो ढङ्गले भन्नु पनि पर्छ । छरितो तथा वाग्धारायुक्त भाषाको प्रयोग र उपमा तथा प्रतिकज-ता सौन्दर्य-कुशलता पनि यसैभित्रका कुरा हुन् । रचनामा भावअनुसार गति र प्रवाह हुनुपर्छ र त्यो प्रभावशाली पनि हुनु आवश्यक छ । रचनामा शिरदेखि पुछारसम्म तारतम्य मिलाउनु पनि आवश्यक छ । यसलाई सीप भनिन्छ । कुन कुरोलाई कसरी टिप्ने र कसरी व्यक्त गर्ने, त्यसको पनि कला हुन्छ, अनि त्यो विषयव-तुको आवश्यकता र ढाँचामा पनि निर्भर गर्छ ।

भाषाका शब्द, शब्दावली एवं वाक्यढाँचाको सौन्दर्यपूर्ण प्रयोग हुनु वाञ्छनीय छ र त्य-तो प्रयोगले नै सो साहित्यको भाषाशैली रोचक, आकर्षक एवं प्रभावकारी हुन्छ ।

भाषाशैली प्रयोग गर्दा सधैँ तलका कुराबाट जोगिनुपर्छ -

क) शब्दको अशुद्ध प्रयोग ख) वाक्यहरूको अशुद्ध वनावट

ग) विदेशी ढङ्गबाट प्रभावित वाक्य घ) अशिष्ट शब्दको प्रयोग

ङ) अनुच्छेदको नमिल्दो रूप च) नराम्रो शैली

छ) अशुद्ध उखान-तुक्का ज) त्रुटिपूर्ण विराम चिन्ह

फ) पुनरुक्ति दोष आदि

७) शुद्धता - साहित्यमा शुद्धता पनि अनिवार्य छ । शुद्धताको अभिप्राय ह्र-व-दीर्घ मात्र होइन, व्याकरणसिद्ध भाषाको प्रयोग गर्नु पनि हो । शुद्ध भाषाको प्रयोगका निम्ति रचनामा खास गरी तलका कुरामा ध्यान दिनुपर्छ -

क) शब्द र तिनका विभिन्न रूप तथा प्रकृति ख) लिङ्ग, वचन, कारक र विभक्ति

ग) शब्दका शुद्ध रूप घ) विरामचिन्हको उचित प्रयोग

ङ) वाक्य-रचनाको क्रम र मेल

८) विचार - रचनामा भाषा र शुद्धता मात्र भएर पनि पुग्दैन । त्यसको एउटा महत्वपूर्ण अङ्ग विचार हो । विचारमा ध्यान दिनुपर्ने कुरा यी हुन् -

क) विचारहरूलाई दोहँयाउनु हुन्न ।

ख) अनावश्यक र अमिल्दा विचार राख्नु हुन्न ।

ग) महत्वपूर्ण तथ्यहरूलाई फिक्नु हुँदैन र अनावश्यक तथ्यहरूलाई राख्न पनि हुँदैन ।

घ) मूल विचार प्र-ट हुनुपर्छ ।

ङ) विचार शृङ्खलाबद्ध हुनुपर्छ, यो गञ्याङमञ्याङ हुनु हुन्न ।

**साहित्य सृजना गर्ने तरीका**

नेपाली साहित्य निकै धनी छ, यसमा म गौरव गर्छु । नेपाली माटो नेपाली समाजमा राम्रोसँग भिज्नको लागि नेपाली परिवेशकै मौलिक रचनाहरूले -थान पाएमा नेपाली साहित्यले पाठकहरू तान्न सकिनेछ ।

साहित्य लेखन शुरु गर्नुभन्दा पहिले लेख्ने विषय -पष्ट हुनुहोस् । साहित्य सृजना गर्नको लागि क-तो वातावरण आवश्यक पर्छ, सो बारेमा ध्यान दिनुहोस् । कोही साहित्यकारहरू राती सबै सुतिसकेपछि लेख्न रुचाउँछ भने कोही एकाबिहानैको समय रुचाउँछ । कोही हल्लामा पनि लेख्नसक्छ । यसैले क-तो वातावरणमा लेख्ने भन्ने कुरा लेख्ने व्यक्तिमा भर पर्छ । तैपनि सकेसम्म एकान्त वातावरण रोज्नुहोस् । एकैपल्ट उच्च-तरको साहित्य सृजना गर्न गाँहो हुन्छ । यसैले साहित्यको शुरुदेखि अन्तिमसम्मको -पष्ट चित्र दिमागमा बनाउनुहोस् । यसपछि क्रमबद्ध रूपमा लेख लेख्न शुरु गर्नुहोस् । लेखेका कुराहरूलाई केही समय थाँती राखेर फेरि एकपल्ट माथिदेखि तलसम्म सर्सर्ती पढ्नुहोस् ।

केही नयाँ विचारहरू नि-केमा थप्नुहोस् या अनावश्यक लागेका, दोहरिएका कुराहरू काट्नुहोस् । फेरि लेख शुरुदेखि अन्तिमसम्म लेख्नुहोस् । यदि इच्छा लागेमा तपाईंले लेख्नुभएको लेखलाई आफूभन्दा पाको साहित्यकारलाई देखाउनुहोस् । लेख्दाखेरी माथिका तत्वहरूलाई पनि ध्यान दिनु निकै जरुरी छ । साथै यसमा निरन्तरता निकै जरुरी छ । कल्पनाशीलता तथा विषयमा गहिरिएर डुब्न सक्नु साहित्य सृजनाको असल खुड्किलो मानिन्छ । व्याकरण सिकेर पनि जानिन्छ तर भाषा र विचार आफ्नौ अध्ययन र मनन, प्रयास र प्रयत्न, साधन र अभ्यासद्वारा मात्र आर्जित हुन्छ । साहित्यमा आफ्नौपन, आफ्नो शैली र आफ्नो व्यक्तित्वको छाप दिन सक्नु सफल साहित्यकारको विशिष्ट सीप हो । यसका लागि रचनाकारले राम्रा शैली र विचारको अध्ययन गर्ने गर्नु र आफ्नो ढङ्गले विचार गर्ने पद्धति अँगाल्नुपर्छ । हरेक दिन केही न केही आफ्नौ किसिमबाट सोच्ने बानी बसालाले हाम्रो भाषा माभिदै जाने मात्र होइन, हाम्रो विचार पनि परिष्कृत हुँदै जान्छ । तसर्थ, लगनशील भएर साहित्य सृजनामा लागिरहेमा एकदिन सफल साहित्यकार बन्न सकिन्छ । घोडा चढ्ने लड्छ भन्ने कुरा पनि बिर्सनुहुँदैन । यो एक निरन्तर सिक्दै जाने कुरा पनि हो ।

**उपन्यास कसरी लेख्ने ?**

कती पटक पढियो - ज्ञ,टडड
ज्सुविन भट्टराईऽ

उपन्यास कसरी लेख्ने? लेखनको सरलता र भाषाको सुन्दरता उपन्यासमा कसरी राख्ने? मन छुने कसरी बनाउने?

**१) कसका लागि लेख्ने**

क-ता पात्रहरू छन् भन्नेले नै कसका लागि लेखिँदैछ भन्ने निर्क्यौल हुन्छ। सम्पूर्ण समाजका लागि एउटै उपन्यास लेख्न सम्भव हुँदैन। महिला, युवा, धर्म, समूह, वर्ग कसका लागि लेख्ने हो छुट्याउनुपर्छ। त्यसका लागि अध्ययन गर्नुपर्छ। सम्बन्धित विषयका लागि -थलगत अध्ययन गर्नुपर्छ। त्यसका बारेमा विभिन्न तरिकाबाट अध्ययन गर्नुपर्छ। ज-तैः मैले 'समर लभ' लेख्नु पहिला नर्बे घुमेको थिइनँ। त्यहाँको परिवेशबारे लेखेँ। त्यसका लागि नर्बेमा भएका साथीहरूलाई रातरातभर त्यहाँको अव-था -काइप मार्फत देखाउन भनेँ।

**२) आफ्नै मगज हल्लाउनुपर्छ**

सुरुमा आफैलाई लेखिरहेको विषयले प्रभावित पार्नुपर्छ। आफैलाई प्रभावित पारेन भने पाठकको मन छुँदैन।

**३) लेखनका लागि अत्यावश्यक अध्ययन**

तपाईं अरुका किताब पढ्नुहुन्न भने लेख्नै सक्नुहुन्न। म पनि पढ्छु। अंग्रेजी भाषाका किताब पढ्दा स(साना विषयमा पनि सुन्दर रूपमा लेख्न सकिने रहेछ भन्ने सिकिन्छ। जुन भाषामा किताब लेख्ने हो, त्यो भाषाका पु-तक पढ्नैपर्छ।

**४) पु-तक मात्रै अध्ययन?**

हैन, मान्छेको पनि अध्ययन गर्नुपर्छ। जसले तपाईंलाई पात्र निर्माण गर्न सहयोग गर्छ। त्यसका लागि असल र खराब दुवै थरीका मान्छेको संगत गर्नुपर्छ। थोरै खराबको र धेरै असल मान्छेको संगत गर्नुपर्छ। अध्ययन लेख्नु पहिलादेखि पाण्डुलिपि छापाखानामा नपठाउन्जेलसम्म हुन्छ।

**५) उपन्यासको अ-थिपञ्जर**

तपाईं उपन्यास लेख्न लाग्नुभएको छ भने त्यसको अ-थिपञ्जर बनाउनुस्। उपन्यास एक कथा हो। यसका लागि लेख्नु पहिला मूल कथाको संरचना निर्माण गर्नुस्। लेखनका क्रममा पात्रहरूले धेरै लगाम लगाउनुहुन्न तर मूल कथाबाट बहकिनु हुँदैन। प्रत्येक घटना र पात्रलाई मूल कथासँग बाँधिराख्न अ-थिपञ्जरले सहयोग गर्छ। यो मूल कथा हो जुन सधैँ एउटै हुन्छ। अ-थिपञ्जरबाट म उपन्यासमा कति पृष्ठ र शब्द खर्चिन्छु भन्ने कुरा पहिल्यै तयार पार्छु।

**६) चाखलाग्दो सुरुवात**

उपन्यास वा कथा जेसुकै हो-, सुरुवात चाख लाग्दो हुनुपर्छ। ज-तै 'र ऊ मरी!' यसले पाठकमा 'यसपछि के होला?' भनेर उत्सुकता जाग्छ। त्य-तै चाखलाग्दो संवादबाट पनि सुरुवात गर्न सकिन्छ। कुनै चिज गहन छ भने न्यारेसन (कथ्य) मा भन्नु हुँदैन, त्यसलाई पात्रका सम्वादमार्फत भन्नुपर्छ। घटना, पात्रका संवाद र भन्न खोजेको सन्देश मिलाएर दिनुपर्छ। गन्थन र भाषणबाट सुरु गर्नु हुँदैन। य-तो गर्नु लेखकको रोग हो।

**७) पात्र छनोट**

पात्रहरूको प्रवेश गराउँदा सिधै घटना भन्न हुन्न। परिवेश, पात्रले क-तो लुगा लगाएको छ, हिँडडुल, चरित्रचित्रण, बडी ल्याङ्वेज ज-ता कुरामा ध्यान दिनुपर्छ। यसले लेखनलाई जिवन्त बनाउँछ। कथामा क-तो चिज ...बाँकी ५ पेजमा

## मार्क्सवाद...

लिएर आफ्ना भनाइहरूलाई बहस र छलफलमा समावेश गरेर त्यहाँबाट उत्कृष्टता तथा स्वीकार्यता लिनु पर्‍यो नि ?"

आजका बुद्धिजीवी मार्क्सवादीहरू, जो मार्क्सवादलाई जनताको बहुदलीय जनवादको स्तरमा बुझ्न चाहन्छन्, बुझिरहेका छन्,तिनीहरूको विचार हो यो । उक्त सम्मेलनमा सहभागी बक्ताहरू(किरणको बाहेक)को अभिव्यक्ति पनि यही सेरोफेरोमा आएका थिए । सम्मेलनको उदघाटन गर्दै प्रमुख अतिथिको रूपबाट सरकारी नेकपाका नेता तथा भूतपूर्व प्रधानमन्त्री झलनाथ खनालले नेपालको सभ्यतालाई संक्षिप्तमा बताउदै मार्क्सवादजस्तै एसियाली दर्शनको अनुसन्धान र खोज हुनुपर्नेमा जोड दिए । नेपाल, भारत तथा चीनका मार्क्सवादी विद्यानहरूको सम्बोधनले पनि के कुरालाई चटक्कै भूलेको पाइयो भने मार्क्सवाद आफै दर्शन, अर्थशास्त्र र वैज्ञानिक समाजवादको पूर्णता हो र यो एउटा पूर्ण सत्ता पनि हो । त्यो सत्ता जसको नेतृत्व सर्वहारावर्गको हुन्छ । उनीहरूका प्रस्तुतीहरू सुन्दा के लाग्थ्यो भने मार्क्सवादका तीन सङ्घटक अङगहरू-मार्क्सवादी दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका आधारभूत अवधारणाहरूमाथि नै उनीहरूको असहमति छ र त्यही असहमतिभित्रबाट उनीहरूले मार्क्सवादले आफूलाई उत्कृष्ट भएको प्रमाणित गर्नु पर्ने कुरा गरिरहेका छन् ।

सही मार्क्सवादीहरू मार्क्सवादका महत्वपूर्ण उपलब्धीहरू-वर्ग सङ्घर्ष, सर्वहारावर्गको अधिनायकत्व, ऐतिहासिक भौतिकवाद, बल प्रयोगको सिद्धान्तजस्ता मार्क्सवादका आधार भूत मान्यताहरूमा विश्वास गर्दछन तर अहिलेका नेपालका सरकारी कम्युनिस्टहरू भने जनताको बहुदलीय जनवाद(जवज) भनिरहेका छन् । हुनत जनतामा नयाँ भ्रम छर्न माओवादीबाट एमालेमा बिलय भएका प्रचण्डहरूले 'जनताको जनवाद'को कुरा गरिरहेका छन् तर वास्तवमा यी दुवै एउटै हुन् -मार्क्सवाद-लेनिनवाद-माओवाद विरोधी संशोधनवादी विचारहरू । चीन लगायत वर्तमानमा विश्वमा देखिएका मार्क्सवाद विरोधी संशोधनवादीहरूले सारमा बर्नस्टीन, काउटस्कि तथा ल्युशाओचीहरू(पछिल्लो अवस्थामा देङ सियाओ पिंग)को संशोधनवादीहरूको मार्ग अबलम्वन गरिहेका छन्, मार्क्सवाद-लेनिनवाद-माओवादका मूलभूत सिद्धान्त, मूल्यमान्यताआदिलाई बहस र छलफलको नाम दिएर संशोधन गरिरहेका छन् तर रूपमा आफूलाई मार्क्सवादी भन्न भने छाड्दैनन । यही अवस्था अहिले चीन, नेपाल, भारतलगायत विश्वका संशोधनवादीहरूमा देखिन्छ । तर यिनै संशोधनवादीहरूसित कांधमा कांध मिलाएर उनीहरूका यस्ता मार्क्सवादको झण्डा बोकेर मार्क्सवादका विरोधीहरूसित हरेक कार्यक्रममा एकतावद्ध हुँदै आयोजनामा सहभागी भएर नेकपा(मसाल)लगायत अन्य स-साना कम्युनिस्ट समूहहरूको भविश्य के हो ? स्पष्टताको आवश्यकता देखिएको छ । मसालका महामन्त्री मोहनविक्रम सिंहले एकातिर सरकारी कम्युनिस्ट पार्टी सांचो अर्थमा कम्युनिस्ट पार्टी नै होइन भन्ने तर अर्कोतिर एमाले(वर्तमानको सरकारी नेकपा)को नेतृत्वको प्रलेस, उसकै पहलमा गरिएका प्रशिक्षणहरूलगायत एमालेसित मिलेर भाग लिने र यस्ता बहस, छलफल तथा प्रशिक्षणमा सक्रियतापूर्वक उपस्थिति जनाएर आखिरमा के गर्न खोजेको हो ? उक्त पार्टीभित्रका क्रान्तिकारी मार्क्सवादीहरूका लागि अन्योलताको अवस्था देखिदै गएको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा र विश्वकै कम्युनिस्ट आन्दोलनमा शास्त्रीय मार्क्सवादको बारेमा बहस, छलफलको खडेरी परेको समयमा एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीले मार्क्सवादको रक्षा र विकासका लागि साश्त्रीय मार्क्सवादको आवश्यकता र औचित्यतामाथि नै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा बहस र छलफलको आवश्यकता छ । यसले मात्रै मार्क्सवादको रक्षा र विकासमा एउटा महत्वपूर्ण कदम हुन सक्छ । नेपालमा अहिले कम्युनिस्टको नाममा दलाल तथा नोकरशाही पुजीवाद मौलाउदै गएको अवस्थामा, त्यस्ता पार्टीहरूको पहलमा गरिने कुनै पनि स्तरको मार्क्सवादवारेको बहस सारमा मार्क्सवादको विकास नभई दलाल तथा नोकरशाही पुँजीवादको विकासका लागि मार्ग प्रशस्त गर्ने हुन जान्छ । ओली-प्रचण्ड नेतृत्वको सरकारी नेकपाको पहलमा गरिने यस्ता खालका सम्मेलनहरू सारमा मार्क्स र मार्क्सवादको ओत लागेर लेनिन, स्तालिन र माओमाथि र उनीहरूले सर्वहारावर्गको मुक्तिका लागि विकास गरेका सिद्धान्त र विचारमाथि घन प्रहार गर्ने नैं हो ।

*hukumsingh2012@yahoo.com*

## हिन्द–प्रशान्त...

निश्चित रूपमा अमेरिकी प्रशासनले नेपालका परराष्ट्र मन्त्रीको भ्रमणलाई महत्व त दिएकै थियो, तर त्यसो गर्नुका पछाडिको कारण अकै रहेछ भन्ने कुरा पछि थाहा भयो । महत्व दिनुको कारण त नेपाललाई अमेरिकी हिन्द-प्रशान्त रणनीतिको सक्रिय साझेदार बनाउनका लागि रहेछ । यसबारे नेपालमा केही मात्रामा थाहा भएपछि नेपाल अमेरिकाको सामरिक योजनामा सामेल भएको हो कि ? भन्ने प्रश्न उठे । त्यसबारे मन्त्री ज्ञवालीले त्यस प्रकारको कुनै संयुक्त हस्ताक्षर वा सहमति नभएको भन्दै बारम्बार इन्कार गरेर बयान दिए ।

यस विषयमा काठमाडौंबाट प्रकाशित कान्तिपुर प्रकाशनको अंग्रेजी दैनिक 'द काठमाण्डु पोष्ट'मा २० दिशम्बर १९१८ मा "अमेरिका भन्छ नेपाल उसको हिन्द-प्रशान्त रणनीतिको अंग हो" भन्ने शीर्षकमा एउटा लेख प्रकाशित भयो । त्यसमा भनिएको छ" अमेरिकी सरकारका अधिकारीहरूले भनेका छन् कि समग्र प्रशान्त-एशियाली क्षेत्रमा विभिन्न विषयमा विभिन्न प्रकारका विकास भैरहेका विषयमा केन्द्रित भएर ट्रम्प प्रशासनले थालेको नयाँ महत्वाकांक्षी रणनीतिक पहल हिन्द-प्रशान्त रणनीतिको नेपाल एउटा अंग हो । यो घोषणा विदेशमन्त्री प्रदीप ज्ञवालीको वाशिंगटन भ्रमणको समय पारेर गरिएको थियो, जुन बेला उनले अमेरिकी विदेशमन्त्री माइकल आर. पोम्पेओसँग भेटे । मंगलबार परराष्ट्र विभागबाट सहायक प्रवक्ता रोबर्ट पल्लाडिनोले भने कि दुई नेताहरूका वीचमा भएको बैठकमा अन्य विषयका साथै एउटा स्वतन्त्र, खुला र उन्नत हिन्द-प्रशान्तमा नेपालको "केन्द्रीय भूमिका" हुने कुरामा छलफल भयो ।

"अमेरिकाले नेतृत्व गरेको यो रणनीति जसलाई अमेरिका र एशियाका विदेश नीति विज्ञहरूले पूर्वी र दक्षिण एशियाली क्षेत्रमा बढ्दो चीनीयाँ प्रभावलाई सन्तुलित गर्ने नीतिका रूपमा लिन्छन्, लाई यसमा अमेरिकी अधिकारीहरूले घोषणा गरेको विषयलाई नेपालले सहभागी हुने निर्णय लिएको छैन भनेर नेपाली अधिकारीहरूले यसको महत्वलाई कम गरेजस्तो गरेका छन् ।"

उपरोक्त भनाइबाट के कुरा स्पष्ट हुन्छ भने प्रदीप ज्ञवालीको अमेरिका भ्रमणमा अमेरिकी विदेश मन्त्रीसँगको भेटमा कुराकानी र सहमति चाहिँ भएको हो । तर, नेपाली अधिकारीहरूले महत्व नदिए जस्तो गरी यसलाई प्रस्तुत गरे ।

नेपालको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले किन यसो गरे त भन्ने विषयमा यस प्रकार उल्लेख गरिएको छ : "विदेश मामिलासम्वन्धी विज्ञहरूको भनाइ छ कि, विशेषगरी नेपाल चीनको महत्वाकांक्षी बेल्ट र रोडको पहलको हस्ताक्षरकर्ता भएको हुनाले चीनको सामना गर्ने उद्देश्य राखेर गरिएको एउटा नयाँ भू-रणनीतिक पहलमा नेपालको संलग्नताले बेइजिङ र काठमाडौं बीचमा घर्षण पैदा गर्दछ ।"

यसमा अगाडि भनिएको छ, "अमेरिकाले नेतृत्व गरेको हिन्द-प्रशान्त रणनीतिमा नेपालको सहभागिताको विषयमा अझ विस्तृत रूपमा बताउनु पर्‍यो भनिदा, काठमाडौ स्थित अमेरिकी दूतावासका प्रवक्ताले भने, "हो, सार्क र बिमस्टेक तथा यसको भू-सम्बन्धित अवस्थितिका कारण प्रमुख आर्थिक बजारहरूसँगको विशिष्ट सम्बन्धद्वारा क्षेत्रीय सम्योजनमा बृद्धि गर्ने एक अंगका रूपमा (काम गर्ने) नेपाल विस्तृत हिन्द-प्रशान्त रणनीतिको एक अंग हो ।" उनले भने, "अमेरिका यो सहभागिता अझ गहिरो र बलियो बनाउन चाहन्छ ।"

अमेरिकाबाट फर्केपछि परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले गृह मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा यसबारे बताए कि पम्पेओसँगको भेटमा हिन्द-प्रशान्त क्षेत्रमा नेपालको भूमिकाको विषयमा छलफल भयो । तर उनीहरूले हिन्द-प्रशान्त रणनीतिको बारेमा कुरा उठाएनन् ।

नेपालका लागि यति धेरै महत्व राख्ने विषयमा किन यस प्रकारका एक आर्कोसँग बाझिने तर्कहरू अघि आइरहेका छन् ? वास्तविकता चाहिँ के हो ? यो विषय स्पष्ट हुनु आवश्यक छ । नेपाली जनतालाई अल्मलमा पार्ने काम किन भै रहेको छ ?

यदि नेपालको ओली नेतृत्वको सरकारले हिन्द-प्रशान्त रणनीतिमा सामेल हुने कुरालाई प्रष्ट रूपमा अस्वीकार गरेको भए, काठमाडौं स्थित अमेरिकी दूतावासका अधिकारी र अमेरिकी परराष्ट्र मन्त्रालयका उच्च पदस्थ अधिकारीले कसरी दावीका साथ नेपाललाई त्यसको अंग भैसकेको भन्न सके ? के कुनै देश जबर्जस्ती महाशक्ति राष्ट्रको रणनीतिमा बाध्य भएर सामेल हुन सक्छ ? यसले गम्भीर रूपमा यो प्रश्न उठाएको छ ।

***पचास करोड डलर सहायताको प्रश्न***

नेपाललाई अमेरिकाले ५० करोड अमेरिकी डलर आर्थिक सहायता दिने र त्यो रकम नेपालले स्वीकार्नु पर्छ भन्ने किसिमको प्रस्ताव सरकारले चालु संसदको बैठकमा प्रस्तुत गरेको थियो । यो रकम अमेरिकाले हिन्द-प्रशान्त रणनीतिअन्तर्गतको "मिलेनियम च्यालेञ्ज कर्पोरेसन" (Millennium Challenge Corporation) कोषबाट दिने भन्ने कुरा पनि स्पष्ट रूपमा वाहिर आएको थियो । झण्डै दुईतिहाइ बहुमत भएको सरकारका तर्फबाट राखिएको यो प्रस्ताव पारित हुने कुरा निश्चित नै थियो । त्यसैबेला अन्य विषयलाई लिएर सदन चल्न नसकेको अवस्थामा यसबारे निर्णय हुन सकेन । हिन्द-प्रशान्त रणनीति अन्तर्गतको कोषबाट आर्थिक सहायता लिन तयार हुनुको अर्थ त्यो संगठनमा सहभागि हुने कुरालाई स्वीकार गर्नु नै हो भन्ने हुँदैन र ? यो रकम नेपाल उक्त रणनीतिमा सामेल भएको कारणबाट नै प्रदान गरिएको कुरा अमेरिकीहरूले स्पष्ट पनि गरिसकेका छन् । यसबाट यो सरकारले बाहिरभन्दा यो रणनीतिमा सामेल भएको छैन भन्ने तर भित्री र वास्तविकरूपमा सामेल हुने काम गरेको देखिँदैन र ? यो कथित अमेरिकी आर्थिक सहायताका विषयमा डा.नारद भारद्वाजले एउटा लेखमा राम्रोसँग स्पष्ट पारेका छन् । उनको लेखको एउटा लामो उद्धरण यहाँ प्रस्तुत छ : "एउटा विकासशील राष्ट्रका रूपमा नेपालले यसको आर्थिक क्षमता विकास गर्न मद्दत पुग्ने खालका प्रस्ताव वा योजनालाई स्वीकार गर्न सक्दछ । तर जब ती राजनीतिक धागोमा गाँसिएर आउँदछन्, हामी ढुक्क भए हुन्छ कि यी प्रस्तावमा सधैं आँखाले देखेको भन्दा बढी केही हुने गर्छन् । नेपालले विद्युतीकरणको विस्तार र यातायातको लगानी कम गरेर गरिबीलाई घटाउने र आर्थिक बृद्धि गर्ने प्रयासमा मिलेनियम च्यालेञ्ज कर्पोरेसनको ५० करोड अमेरिकी डलर स्वीकार्न र उपयोग गर्नका लागि तयारी अवस्थामा छ । यदि यो सहयोग हिन्द-प्रशान्त रणनीतिमा सक्रिय भूमिका खेल्नका लागि हो भने नेपालका लागि यो कठिन छनौट सावित हुनेछ ।"

उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने ओली सरकारले नेपाललाई अब अमेरिकाद्वारा प्रायोजित हिन्द-प्रशान्त रणनीतिमा सामेल गराउँदै छ ।

***के हो हिन्द -प्रशान्त रणनीति ?***

अमेरिकाद्वारा प्रायोजित हिन्द-प्रशान्त रणनीति विशेषतः चीनलाई अघि बढ्न नदिन, त्यसलाई सीमा भित्र राख्न र त्यसलाई घेराहाल्नका निमित्त तयार गरिएको रणनीति हो । यो राजनीतिक र सामरिक रणनीति हो । यसमा सामेल हुनु भनेको अमेरिकी ब्लकमा सामेल हुनु हो । नेपालका लागि यसमा सामेल हुनुको अर्थ विगतमा नेपालले अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीति परित्याग गर्नु हो । नेपाल जस्तो देशका लागि यो एउटा घातक नीति हो । चीनको स्वायत्त क्षेत्र तिब्बतको ठुलो भागसँग नेपालको सीमा जोडिएको हुनाले चीनलाई घेर्ने रणनीतिमा नेपालको धेरै महत्वपूर्ण भूमिका हुने कुरा स्पष्ट नै छ । यदि नेपाल यसमा सामेल भयो भने नेपाल कुरुक्षेत्र बन्ने टड्कारो संभावना छ । ओली सरकार यसमा सामेल भैसकेको छ या सामेल हुँदैछ । यस प्रकारको राष्ट्रघात हुन नदिनका लागि ठूलो संघर्षको तयारीमा पनि लाग्नु आवश्यक छ । ०७६ / ५ / ७

## विषादीयुक्त तरकारी...

नकरात्मक असर गरिरहेको छ ।

५ निष्कर्षमा भन्नु पर्दा, सर्वप्रथम नेपाल सरकारले कृषिजन्य वस्तुको आयातमा तत्काल नियमन र नियन्त्रण गर्नु पर्दछ । विषादीयुक्त तरकारी, फलफूल लगायत सबै खाद्यवस्तुलाई निषेध नै गर्नु पर्दछ । सरकारले जनतालाई विकल्पसहित भन्न सक्नु पर्दछ र जनताले पनि सोच्नु पर्दछ विषादीयुक्त तरकारी, फलफूलहरू खाएर स्वास्थ्य खराब गर्नु भन्दा नखानु नै उचित हुन्छ । विषादीको समस्या आयातित तरकारी, फलफूल र खाद्यवस्तुमा मात्र होइन स्वदेशी उत्पादित वस्तुमा पनि छ । त्यसलाई पनि नियमन र नियन्त्रण गर्नु त्यत्तिकै आवश्यक छ ।

आयात विस्थापनको लागि तत्काल वास्तविक किसान र कृषिकर्ममा लागेकाहरूको सही पहिचान गरेर उनीहरूलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रका समस्याहरू जस्तै, पूर्वाधार विकास, बजारीकरणको ब्यवस्था, विचौलियाहरूको नियन्त्रण, कृषिमा आधुनिकीकरण र यान्त्रिककरण, असली मल, बिउको ब्यवस्था, वास्तविक किसान र कृषिकर्ममा लागेहरूलाई आवश्यक अनुदान, आदिको ब्यवस्था गर्नु अनिवार्य छ । उपभोक्ताहरूलाई स्वदेशी र स्थानीय कृषि उपज उपभोग गर्न सचेत र प्रोत्साहन गरिनु पर्दछ ।

साँचो अर्थमा कृषिजन्य वस्तुको आयात विस्थापन गरी आत्मनिर्भर र निर्यातमुखि बनाउनको लागि प्रथमतः राज्य तथा सरकारले क्रान्तिकारी भूमिसुधार लागु गर्नु अनिवार्य छ । वास्तविक किसान र सरोकारवालाहरूसँग सहकार्य गरेर नेपालको धरातलीय यथार्थतामा आधारित भएर वास्तविक विषय विज्ञहरूबाट बिस्तृत र ठोस कार्ययोजना र कार्यान्वयनको भरपर्दा संरचना र विधि निर्माण गर्नु आवश्यक छ । तर अहिलेको राज्यब्यवस्था र सरकारबाट त्यसप्रकारको आशा र भरोसा गर्न सक्ने अवस्था देखिंदैन । तसर्थः साँचो अर्थमा कृषि उत्पादन र किसानको समस्या समाधानको लागि कृषि क्रान्तिको विकल्प छैन ।

२०७६ भदौ ५ गते, बुटवल

## संयुक्त...

अधिकार प्राप्त हुन्छ ? प्रश्न गरे, "व्यवस्थाका विरुद्ध लडेको भन्ने अनि सेना, पुलिससँग लड्ने नीति छैन भन्ने ? यो कस्तो लडाइँ हो ?' विप्लवमाथि सरकारले लगाएको प्रतिबन्धको भने महासचिव वैद्यले कडा विरोध गरे ।

महासचिव किरणले अहिलेको सरकार नाम मात्रैको कम्युनिष्ट सरकार भएको भन्दै आलोचना गरे । 'जुन रूपमा जनताको भवना र राष्ट्रियताको निम्ति काम गर्नुपर्ने हो त्यसरी सरकारले काम गर्न सकेको छैन' उनले भने, 'मात्र पुरानै संविधानलाई संरक्षण गरिरहेको छ ।' उनीहरू कम्युनिष्ट नभएर पूरानै संसदवादी दल र सोही व्यवस्था सुदृढ गर्नतिर लागेका छन् । सोही अवसरमा उनले निर्वाचन जनताको हितमा नहुने निश्कर्ष निकाल्दै पार्टीको पोलिटव्यूरो बैठकले उपनिर्वाचनलाई बहिस्कार गर्ने निर्णय गरेको बताए ।

## विषादीयुक्त...

सम्पन्न गरिएको छ । मोर्चाको बाँके र बर्दिया जिल्लाको संयुक्त आयोजनामा शनिबार बाँकेको नेपालगञ्जमा सम्पन्न गरिएको कार्यक्रममा देजमोका केन्द्रीय उपाध्यक्ष केवि गुरुङले अन्तर्क्रियाको विषयमाथि लिखित रूपमा तयार पारिएको आधारपत्र प्रस्तुत गर्दै विषादीयुक्त तरकारी तथा फलफूलको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर पारेको र यस्तो तरकारी उत्पादनलाई निरुत्साहित गर्नुपर्ने र विदेशबाट आयातमा पनि रोक लगाउनु पर्ने वितार व्यक्त गरेका थिए ।

कार्यक्रममा पार्टीका पिविएम तथा बाँके बर्दिया इन्चार्ज संकुलले पनि मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने विषादीयुक्त तरकारी तथा फलफूल आयातमाथि पूरै प्रतिबन्ध लगाउनु पर्ने विचार व्यक्त गरेका थिए । कार्यक्रममा बाँकेका पार्टी सचिव अर्जुन र बर्दियाका पार्टी सचिव भूकम्पले पनि मन्तव्य राखेका थिए । कार्यक्रममा क्रान्तिकारी माओवादी तथा संयुक्त मोर्चाका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

यसअघि एक मोर्चाले रूपन्देहीको बुटवलमा पनि यस्तै अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा नेता गुरुङले नै आधारपत्र प्रस्तुत गरेका थिए । यसैबीच, पार्टी पिविएम तथा ५ नं. प्रदेशका इन्चार्ज प्रमोदको प्रमुख उपस्थितिमा बर्दियाको जिल्ला प्रशिक्षण भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रममा पीविएम तथा बाँदे बर्दिया इन्चार्ज संकुल लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## देशभक्त जनगणतान्त्रिक मोर्चाको नवलपुरमा संगठन विस्तार अभियान

● कमल कुँवर

नवलपरासी । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल नवलपुरले नवलपुरमा संगठन विस्तार अभियान शुरु गरेको छ ।

अभियानको पहिलो दिन गैडाकोटमा वडा कमिटि गठन गरिएको छ । देशभक्त जनगणतान्त्रीक मोर्चा नेपालको गैंडाकोटमा २१ सदस्यीय वडा कमिटी गठन गरिएको हो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल गैडाकाट नगर संयोजक कृष्ण सापकोटा अध्यक्षतामा भएको भेलामा नेकपा क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी उत्तम थापा, आदर्श, आकाश, देजमो जिल्ला सदस्य लोकबहादुर क्षेत्री लगायतले शुभकामना राखेका थिए । सुशील रानाभाटको सञ्चालनमा कार्यक्रम भएको थियो । मोर्चाले भदौ ८ र ९ गते देवचुलीमा, १२ र १३ गते कावासोतीमा, १९ र २० गते मध्यविन्दुमा र २३ र २४ गते हुप्सेकोटमा अभियान चलाउने जनाएको छ ।

## सल्लाहकार...

उपचार गराइरहेका छन् । महासचिव किरणले शुक्रबार अस्पताल पुगी सल्लाहकार शर्माको स्वास्थ्य स्थितिबारे जानकारी लिएका छन् र शर्माको स्वास्थ्य लाभको कामना गरेको महासचिव सँगै अस्पताल पुगेका पार्टीका पीविएम संकुलले जानकारी दिए ।

बर्दियाको ठाकुरबाबा-४, बर्गटा निवासी शर्मा पुराना र स्थापित कम्युनिस्ट नेता हुन् । उनले चौथो महाधिवेशनपछि तत्कालीन पार्टीको केन्द्रीय समिति सदस्यको जिम्मेवारीमा रहेर काम गरेका थिए । पारिवारिक समस्याका कारण पार्टीको केन्द्रीय जिम्मेवारी परित्याग गरेपनि शर्मा कम्युनिस्ट आन्दोलनभित्रको क्रान्तिकारी धारमा निरन्तर अडिग रहँदै आएका नेता हुन् ।

काठमाडौंदेखि बुर्तिवाङसम्मको आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
रुद्रताल यातायात प्रा.लि.
प्रधान कार्यालय :
ढोरपाटन- १ बागलुङ्ग
शाखा कार्यालय :
बालाजु, काठमाडौं
सम्पर्क : ०१- ४३५२२२२
९८५१०४९९५१
कृपया टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं (पुष्प)
९८५१०४३३२८, ९८०८४६११०६
फोन नं. : ०१-५२२५२८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेम्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# मार्क्सवाद र एसियाली दर्शनबारे अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा



❑ हुकुमबहादुर सिंह ❑

'मार्कसिष्ट गुरुकुल'को प्रमुख आयोजना र अन्य तीन विश्वविद्यालय-नेपाल संस्कृत, खुला विश्वविद्यालआदिको सहयोगमा सञ्चालित 'मार्क्सवाद र एसियाली दर्शन'सम्बन्धी दुईदिने अन्तर्राष्ट्रिय सम्मेलन काठमाण्डौमा सम्पन्न भएको छ । उक्त दुई दिने सम्मेलनको उद्घाटन सत्रका प्रमुख अतिथि नेकपाका नेता तथा भूतपूर्व प्रधानमन्त्री झलनाथ खनाल थिए भने, सोही सम्मेलनको समापनको प्रमुख आतिथ्यता नेकपा(क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'को थियो । सम्मेलनको उद्घाटन शेषनका अध्यक्ष तथा मार्कसिष्ट गुरुकुलका संयोजक स्वनाम साथीले सम्मेलनको एउटा महत्वपूर्ण उद्येश्य मार्क्सवाद र एसियाली दर्शनवारे मार्क्सवादीहरू बिचमा अध्ययन, अनुसन्धान, बहस र छलफल चलाउनु रहेको र यो काम अति जरुरी र आवश्यक भएको बताउदै यस्ता बहस, छलफल र अन्तरक्रियाबाट मार्क्सवादले आफूलाई वर्तमान राजनीतिमा तथा दर्शनको क्षेत्रमा उत्कृष्टता प्रमाणित गर्न मद्त पुग्ने र मार्क्सवादी दार्शनिकहरू, खासगरी नेपाल, भारत र चीनका मार्क्सवादी दार्शनिकहरू यो सम्मेलनमा सहभागी भएर त्यसतर्फको राम्रो सुरुवात गरिएको बताएका थिए । यस्तो सम्मेलन- 'मार्क्सवाद र एसियाली दर्शन'सम्वन्धमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना पहिलो पटक नेपालको राजधानी काठमान्डौमा भएको र यसका आफ्नै सकारात्मक तथा नकारात्मक पक्षहरू हुने नै छन् ।

उद्घाटन कार्यक्रममा नेकपा(मसाल), नेकपा(माले)लगायत स-साना अन्य कम्युनिस्ट समूहहरूको सहभागिता थियो । नेकपा(क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'द्वारा लिखित र प्रकाशित 'हिमाली दर्शन'ले पूर्वीय दर्शनका क्षेत्रमा उठाएका विषयहरू यो सम्मेलनका लागि सान्दर्भिक भएको कुरा सोही सम्मेलनको समापनको प्रमुख आतिथ्यता गरेका नेकपा(क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'को प्रस्तुती पछि सम्मेलनका सहभागीहरूका बिचमा उठेको थियो ।

मार्कसिष्ट गुरुकुलका संयोजक स्वनाम साथीको नेपाली कम्युनिस्ट आन्दोलनमा विगतको एउटा क्रान्तिकारी भूमिका रहेको छ । केही वर्षदेखि उनमा विकसित हुँदै गएको सैद्धान्तिक, वैचारिक दृष्टिकोण र अन्य विभिन्न कारणवस उनलाई वर्तमानको सरकारी नेकपाको चौघेराभित्रै रमाउने एक खालको परिस्थिति देखिएको तर उनमा नेपालका क्रान्तिकारी कम्युनिस्टहरूप्रतिको व्यक्तिगत आकर्षणमा पनि कमि देखिएको छैन् । वर्तमानमा नेपालका कम्युनिस्टहरूमा हराउदै गएको कम्युनिस्ट जीवनशैली, कार्यशैली र कार्यकतासितको नम्रतापूर्ण उनका व्यवहार अन्य कम्युनिस्टका लागि अनुकरणीय छन । एउटा कम्युनिस्टको जीवशैली र कार्यशैली र एउटा पुँजीवादी व्यक्तिको जीवनशैली र कार्यशैलीमा के फरक हुन्छ भनेर छुट्ट्याउन नेपाली जनतालाई कठिन भएको वर्तमान अवस्थामा स्वनाम साथीको व्यक्तिगत जीवनशैली र कार्यशैली सबैका लागि मनन योग्य मात्रै नभई ग्रहणयोग्य पनि छ ।

तै पनि एउटा कम्युनिस्ट नेता तथा कार्यकर्ताको लागि मार्क्सवादी सिद्धान्त, विचार र कार्यदिशाले महत्व राख्ने हो । यस्ता सम्मेलनको महत्व त्यस अर्थमा बढता रहन्छ जब यस्तो सम्मेलन, बहस र अन्तरक्रियाले क्रान्तिकारी मार्क्सवादको रक्षा र बिकास सम्भव बनाउन सहयोग पुऱ्याउँछ, अन्यथा यसको परिणाम कम्युनिस्ट आन्दोलनका लागि ऋणात्मक नै रहन्छ । उत्तर आधुनिकतावादी दृष्टिकोणबाट मार्क्सवादलाई हेर्ने वर्तमान सरकारी नेकपाको पहलमा आर्याेजित यो सम्मेलन आफैमा सकारात्मक भन्दा रिणात्मक नै देखिन्छ । तै पनि क्रान्तिकारी, वामपन्थी र दक्षिणपनथी संशोधनवादी कम्युनिस्टहरूको सहभागिताले यसको आफ्नै महत्व पनि रहन नगएको होइन ।

वर्तमानमा उत्तर आधुनिकतावादी दृष्टिकोणबाट विश्वको अध्ययन गर्ने, लेख्ने र बुझ्ने दृष्टिकोणको गोचक्करमा जकडिएको नेपाली र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई त्यसबाट माथि उठाएर वर्तमानको मार्क्सवादको रक्षा र बिकास सम्भव छ र वर्तमानको मार्क्सवाद भनेको अहिलेको माओवाद हो । मार्क्सवाद र लेनिनवाद हुँदै माओवादसम्म विकसित भएर अगाडि बढेको मार्क्सवाद नै अहिलेको सही मार्क्सवाद हो ।

मदन भण्डारीको जनताको बहुदलीय जनवाद(जबज)लाई जब नेपालको लागि मार्क्सवादको आधार बनाउन खोजिन्छ, त्यो मार्क्सवाद नभई अहिलेको ख्रुश्चेभी संशोधनवाद नै हो । जनताको बहुदलीय जनवादको कोणबाट जे जसरी मार्क्सवादलाई संसदीय निर्वाचनद्वारा, बहस र छलफलद्वारा अन्यलाई जितेर आफूलाई उत्कृष्टता प्रमाणित गर्ने भनिन्छ, त्यही सोंचमा यस्ता सम्मेलन, प्रशिक्षण तथा अन्तरक्रियाहरू गर्नमा जोड दिने बुद्धिजीवीहरूको बाहुल्यता अहिले हरेक कम्युनिस्ट बुद्धिजीवीहरूमा बढदै गएको देखिन्छ र अहिले भइरहेको उक्त सम्मेलनवारे पनि एक जना बुद्धिजीवीको भनाई थियो- "क्रान्तिकारी मार्क्सवादी हौ भन्नेहरूले सम्मेलनमा भाग ...बाँकी ७ पेजमा

# क्रान्तिकारी माओवादी ललितपुरको एक महिने अभियान उद्घाटन



● कुमार भट्टराई/विष्णु विकिरण

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरले एक महिने अभियान सुरु गरेको छ । अभियानको उद्धाटन क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल गौरवले एक कार्यक्रमका बीच गरेका छन् । ललितपुर जिल्ला पार्टीको आयोजनामा गरिएको कार्यक्रमका बीच शनिबार ललितपुरको कुपण्डोलमा अभियानको उद्धाटन गरेका हुन् । अभियानको उद्घाटन पार्टीको झण्डा उचालेर अभियानको उद्घाटन गरिएको थियो ।

अभियानको उद्धाटन गर्दै अध्यक्ष गजुरेलले केपी र प्रचण्डको समृद्ध नेपाल र सुखी नेपालीको नारा हावादारी र वाहियात भएको दावी गरेका छन् । हिंसा, हत्या, बलात्कारका दिनदहाडैका घट्ना यो सरकारको उपहार जनतालाई उपहार भएको भन्दै भ्रष्टाचार मौलाएको, जनतालाई करको भारी बोकाएर महंगी समेत लादेको टिप्पणी गरे ।

क्रान्तिकारी माओवादीका ललितपुर इन्चार्ज क्षितिजका अनुसार पार्टीको संगठन विस्तार तथा सुदृढीकरण गर्दै जनसंघर्ष, वर्गसंघर्ष तथा प्रतिरोध संघर्षको आधार निर्माण गर्नका लागि अभियान सञ्चालन गर्न लागिएको हो । पार्टीका जिल्ला सेक्रेटरी दिपकले सञ्चालन गरेको कार्यक्रममा जिल्ला पार्टीका नेता कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# विप्लव नेकपाका दर्जनौं नेता कार्यकर्ताहरू क्रान्तिकारी माओवादीमा प्रवेश



चितवन । नेत्रविक्रम चन्द नेतृत्वको नेकपा परित्याग गरी दर्जनौं नेता कार्यकर्ताहरू मोहन वैद्य' किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । क्रान्तिकारी माओवादी चितवन जिल्लाले सुरु गरेको जिल्लाव्यापी संगठन विस्तार तथा सुदृढीकरण अभियान अन्तर्गत मंगलबार पूर्व जनमुक्ति सेनाका कमाण्डर पराजुली लगायत विप्लवले नेतृत्व गरेको नेकपाको युवा संगठनका जिल्ला कमिटी सदस्यहरू अनिश अन्जान ढकाल, रोजित लामा, मन्दीप गुरूङ, धर्म थापा मगर, राजकुमार विक, दिपक राई, प्रकाश विक, प्रताप बानिया, सन्जीत राई लगायत दर्जनौ नेता कार्यकर्ता क्रान्तिकारी माओवादीमा प्रवेश गरेको क्रान्तिकारी माओवादीका चितवन जिल्ला सचिव अशोक शर्माले बताए ।

यसरी पार्टी प्रवेशमा आएका नेता कार्यकर्ताहरूलाई पार्टी सेक्रेटरी शर्मा, देजमो जिल्ला अध्यक्ष बाबुराम प्यासी तथा अखिल क्रान्तिकारीका पूर्व केन्द्रीय अध्यक्ष सुरेश गौतम लगायतले अविर लगाएर पार्टी प्रवेस गराएका थिए ।

भदौं १ गतेबाट क्रान्तिकारी माओवादी चितवनले जिल्लालाई तीनवटा कमाण्ड बनाई सांगठानिक अभियानमा जुटेको छ । अभियानकै क्रममा पार्टीले जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संगठन उठानको आधार तयार पार्ने पनि जनाएको छ ।

# दबाबपछि छाडियो क्रान्तिकारी युवा लिगका महासचिव भूकम्प र देजमोका केस थारुलाई

काठमाडौं । बर्दियामा नेकपा (क्रान्तिकारी माओवादी)को बढ्दो प्रभावबाट आतंकित बन्न पुगेका सत्तारुढ डबल नेकपाका नेताहरूले प्रहरी प्रशासनको दुरूपयोग गरी क्रान्तिकारी माओवादीका नेताहरूलाई गिरफ्तार गराएका थिए । पार्टीको चौतर्फी दबाब बढेपछि प्रहरीले उनीहरूलाई छाडेको छ ।

प्राप्त समाचार अनुसार डबल नेकपाका स्थानीय नेता तथा बर्दियाको मधुवन नपा वडा नं. ७ का अध्यक्ष राजेन्द्र हमालले प्रहरी प्रशासन लगाएर विनाकारण पार्टीका जिल्ला सचिव समेत रहेका क्रान्तिकारी युवा लिगका महासचिव दिलबहादुर कठायत भूकम्प र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सदस्य विश्वम्भर थारुलाई पक्राउ गराएका थिए । पार्टीका पीवीएम तथा बाँके-बर्दिया इन्चार्ज संकुलका अनुसार वडा अध्यक्ष हमालले ४ गते भदौंका लागि आयोजना गरेको पार्टीको जिल्ला प्रशिक्षणको तयारी गरिरहेको अवस्थामा प्रहरी प्रशासनको दुरूपयोग गरी जिल्लाको राधाकृष्ण चोकबाट सोमबार १ बजेतिर भूकम्प र थारुलाई पक्राउ गराएका थिए ।







प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।